# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १५४ | काठमाडौं | बिहीबार, ०८ असोज २०८३ | Prabhab National Daily | Thursday, 24 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## पाठ्यक्रम परिमार्जनमा एआईदेखि 'ब्यागलेस डे' सम्मका सुझाव

- राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन हुँदै
- २५ हजारभन्दा बढी सुझाव संकलन
- सबै प्रदेशको २८ जिल्लामा अन्तरक्रिया
- विद्यार्थी, शिक्षक, अभिभावक र विज्ञबाट सुझाव
- एआई, सूचना प्रविधि र कोडिङ समेट्न सुझाव
- जलवायु परिवर्तन र विपद् व्यवस्थापनको विषय समेट्न जोड
- नैतिक, संस्कारयुक्त र व्यावहारिक शिक्षामा जोड
- 'बुक फ्री ' र 'ब्यागलेस डे' लागू गर्न राय
- सीप, व्यावसायिक ज्ञान र उद्यमशीलतालाई जोड्न प्रस्ताव
- माघभित्र प्रतिवेदन बुझाइने

■ **जेबी योञ्जन**

**काठमाडौं–** विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ परिमार्जन गर्न गठित कार्यदलले भावी पाठ्यक्रममा समेटिनुपर्ने विषयबारे २५ हजारभन्दा बढी सुझाव प्राप्त गरेको छ ।

विद्यार्थी, अभिभावक, शिक्षक, विज्ञ तथा अन्य सरोकारवालासँग सातवटै प्रदेशका विभिन्न जिल्लामा गरिएको छलफल तथा अन्तरक्रियाबाट यस्ता सुझाव संकलन गरिएको हो । सुझावमा प्रविधिको तीव्र विकाससँगै कृत्रिम बौद्धिकता (एआई), सूचना प्रविधि र कोडिङलाई विद्यालय शिक्षामा समेट्नेदेखि जलवायु परिवर्तन र विपद्जन्य घटनासँग जुध्न सक्ने ज्ञान र सीप विकास गर्नुपर्ने विषयसम्म छन् ।

गत वैशाखमा प्राध्यापक बालचन्द्र लुइँटेलको संयोजकत्वमा गठित कार्यदलले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनको काम गरिरहेको छ । पाठ्यक्रम विकास केन्द्रका अनुसार २०७६ मा जारी भएको राष्ट्रिय पाठ्यक्रम प्रारूप पहिलोपटक परिमार्जन गर्न लागिएको हो ।

कार्यदलका संयोजक लुइँटेलका अनुसार सुझाव संकलनका क्रममा अहिलेको शिक्षालाई समयसापेक्ष र व्यावहारिक बनाउनुपर्ने आवाज बलियो रूपमा उठेको छ । 'एउटा आर्टिफिसियल इन्टेलिजेन्स, सूचना सञ्चार प्रविधिको कुरा जबर जस्तरूपमा उठेको छ भने सीप र कामको कुरा उठेको छ,' उनले प्रभावसँग भने । उनका अनुसार प्राप्त सुझाव आगामी दिनमा तहगत र विषयगत पाठ्यक्रम तयार पार्दा मार्गदर्शक बन्ने छन् ।

पछिल्ला वर्षमा सूचना प्रविधिको क्षेत्रमा तीव्र परिवर्तन आएको छ । विशेषगरी एआईको प्रयोग शिक्षा, रोजगारी, व्यवसाय र दैनिक जीवनमै विस्तार हुँदै गएको छ । त्यसैले विद्यालय तहबाटै विद्यार्थीलाई एआई, सूचना प्रविधि र कोडिङसम्बन्धी आधारभूत ज्ञान दिनुपर्ने सुझाव आएको छ । प्रविधिको प्रयोग गर्नेमात्रै नभई त्यसलाई बुझ्ने र सिर्जनात्मकरूपमा प्रयोग गर्न सक्ने जनशक्ति तयार गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

कार्यदलले प्राप्त सुझावलाई समेटेर भावी पाठ्यक्रमको स्वरूप तयार गर्ने तयारी गरेको छ । जलवायु परिवर्तन तथा प्राकृतिक विपद्का कारण नेपालमा विद्यालय शिक्षा प्रभावित हुने गरेको छ । त्यसैले बालबालिकालाई जलवायु परिवर्तनको प्रभाव, विपद् जोखिम न्यूनीकरण र अनुकूलनका उपायबारे विद्यालय तहदेखि नै सिकाउनुपर्ने सुझाव आएको छ ।


पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीका अनुसार पछिल्लो समय देखिएका सामाजिक तथा वातावरणीय परिवर्तनले पनि पाठ्यक्रम परिमार्जन आवश्यक बनाएको हो ।

'पछिल्लो सामाजिक-राजनीतिक परिवर्तनले हाम्रो राष्ट्रिय पाठ्यक्रमका लागि केही नयाँ विषयहरू आए । जलवायु परिवर्तन र विपद्ले गर्दा हाम्रा बालबालिकालाई अनुकूलनबारे सिकाउनुपर्‍यो,' उनले भने ।

क्रमशः पृष्ठ २ मा

**देशभर भीषण वर्षाको चेतावनी**

# बाढी, पहिरो र डुबानको जोखिम उच्च, संयन्त्रहरू तयारी अवस्थामा




- शुक्रबारदेखि देशको अधिकांश स्थानमा भारीदेखि धेरै भारी वर्षाको चेतावनी
- घण्टाघण्टामा सूचना जारी गर्ने तयारी
- तीनवटै सुरक्षा निकाय 'हाई अलर्ट'मा
- सुरक्षा प्रमुख, प्रमुख जिल्ला अधिकारी लगायतलाई जिल्ला नछोड्न निर्देशन
- उद्धारका लागि डुंगा, सूचनाका लागि ड्रोन, गोताखोरलगायतको टोली तयार
- असोज ८ र ९ गते देशभरका विद्यालय बन्द गर्न निर्देशन
- देशभरका अस्पतालहरूलाई तयारी अवस्थामा रहन निर्देशन

> बंगालको खाडीको आसपासमा बनेको न्यून चापीय क्षेत्रले गहिरो न्यून चापीय प्रणाली भएर बिहीबारसम्ममा आन्ध्रा प्रदेश पार गर्ने देखिएको छ । यसले नेपालमा बिहीबार, शुक्रबार र शनिबार वर्षाको गतिविधि बढ्ने देखिन्छ ।
>
> **डेभिड ढकाल**
> मौसमविद्

> सरकारले पूर्वतयारीका लागि सबै संयन्त्र सक्रिय बनाएको छ । त्रासमा रहनुभन्दा उच्च सतर्कता अपनाउन सबैमा आग्रह गर्दछु ।
>
> **आनन्द काफ्ले**
> प्रवक्ता, गृह मन्त्रालय

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले शुक्रबारदेखि देशको अधिकांश स्थानमा भारीदेखि धेरै भारी वर्षाको चेतावनी दिएको छ । महाशाखाले विशेष मौसम बुलेटिन जारी गर्दै देशका विभिन्न स्थानमा भारी, धेरै भारी र अति भारी वर्षाको चेतावनी दिएको हो ।

बुधबार महाशाखाले असोज ९ गतेदेखि ११ गतेसम्म यस्तो प्रकृतिको वर्ष हुन सक्ने पूर्वानुमान गरेको हो । 'गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघ गर्जन, चटचाङ, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षाकोसमेत सम्भावना छ,' बुलेटिनमा भनिएको छ, 'मधेस प्रदेश तथा कोशी, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा पनि मेघगर्जन, चटचाङ, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको तथा कर्णाली प्रदेशको पनि थोरै स्थानमा भारी वर्षाकोसमेत सम्भावना छ ।'

बुधबार साँझसम्ममा कोशी र मधेसका अधिकांश स्थानमा बादल लागेको र बागमती प्रदेशमा हल्का वर्षा सुरु भइसकेको मौसमविद् डेभिड ढकालले बताए । 'बंगालको खाडीको आसपासमा बनेको न्यून चापीय क्षेत्रले गहिरो न्यून चापीय प्रणाली भएर बिहीबारसम्ममा आन्ध्रा प्रदेश पार गर्ने देखिएको छ । यसले नेपालमा बिहीबार, शुक्रबार र शनिबार वर्षाको गतिविधि बढ्ने देखिन्छ,' मौसमविद् ढकालले भने । हावाको गतिले पनि वर्षालाई सहयोग गर्ने उनले बताए ।

क्रमशः पृष्ठ २ मा

### के छ सरकारको पूर्वतयारी ?

देशभर भारी वर्षाको पूर्वानुमानपछि सरकारले तीनवटै सुरक्षा निकायलाई 'हाई अलर्ट' राखेको छ । प्राधिकरणसँगको छलफलपछि समन्वय गरेर नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई अलर्टमा राखिएको हो ।

क्रमशः पृष्ठ २ मा

### सतर्कता अपनाउन प्रधानमन्त्री शाहको आग्रह

संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन अमेरिकाको न्युयोर्क पुगेका प्रधानमन्त्री वालेन्द्र शाहले सम्भावित वर्षा र बाढीपहिरोबाट सावधानी अपनाउन आग्रह गरेका छन् । उनले पानी परिरहेको समयमा यात्रा नगर्नसमेत आग्रह गरेका छन् ।

'पानी परिरहेको समयमा तथा रातिको समयमा सकेसम्म राजमार्गमा यात्रा नगर्न अनुरोध गर्दछौं ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## गन्तव्य मुलुकले चासो नदेखाउँदा श्रम सम्झौता विस्तारमा भएन प्रगति

■ **ममता थापा**




**काठमाडौं–** सरकारले नेपालीहरूको श्रम गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता विस्तार गर्ने विषयमा जोड दिँदै आए पनि अपेक्षित प्रगति हुन सकेको छैन । प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रमदेखि श्रममन्त्री फेरिएपिच्छे द्विपक्षीय श्रम सम्झौता विस्तार गर्ने विषयलाई प्राथमिकतामा राखिए पनि प्रस्ताव गरिएका मुलुकहरूसँगको सम्झौता हुन नसकेको देखिन्छ ।

हाल नेपालले १६ वटा मुलुकलाई द्विपक्षीय श्रम सम्झौताको प्रस्ताव गरेको छ । जसमा बोस्नीया र हर्जगोभिना, अल्बानिया, क्रोएसिया, लक्जम्बर्ग, माल्टा, साइप्रस, पोल्याण्ड, पोर्चुगल, सर्बिया, बेल्जियम, अस्ट्रियालगायतका मुलुक छन् । जसमध्ये अस्ट्रिया, अल्बानिया र मोन्टेनेग्रोसँग सम्झौताको प्रक्रिया केही हदसम्म अघि बढेको युवा, श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका एक उच्च अधिकारीका अनुसार वार्ताका लागि यी मुलुकले बोलाइरहे पनि मन्त्रायलको टोली जान नपाउँदा प्रक्रिया थप अघि बढ्न सकेको छैन । केही समयअघि सरकारले निजामती कर्मचारीको वैदेशिक भ्रमणलाई व्यवस्थित र मित्तव्ययी बनाउने भन्दै कडाइ गरेको थियो । त्यसको केही समयपछि मुलुकमा आएको प्राकृतिक विपद्ले गर्दा पनि समस्या भएकाले अब चाँडै जाने गरी तयारी भइरहेको जनाइएको छ । कतिपय मुलुकले नेपालको प्रस्तावलाई वास्तै नगरेको पनि बुझिएको छ ।

मन्त्रालयकी प्रवक्ता मीरा आचार्यले भने श्रम सम्झौताजस्तो विषय तत्काल नहुने भएकाले विभिन्न मुलुकसँग निरन्तर संवादमै रहेको बताइन् । 'कुनै पनि मुलुकसँग आजको भोलि श्रम सम्झौता गर्छु भनेर हुने विषय होइन । आन्तरिकरूपमा विभिन्न चरणमा संवाद भइरहेको छ,' उनले भनिन्, 'हाम्रा पनि कुरा पठाएका छौं । उहाँहरूका कुरा पनि पठाइरहनु भएको छ । टुंगिने चरणमा रहेका सम्झौतामा केही इस्यु रहेकाले त्यसलाई सल्टाउन लागिरहेका छौं ।'

नेपालीहरूको प्रमुख श्रम गन्तव्यमध्येको ओमानसँग भने श्रम सम्झौताको सबै तयारी पूरा भएकाले अब उपयुक्त मिति तय गरेर सम्झौता गरिने जनाइएको छ । ओमानसँग यही अक्टोबर ८ र ९ तारिकमा परराष्ट्र मन्त्रालयसमेत सामेल हुनेगरी द्विपक्षीय वार्ता हुन गइरहेकाले उक्त बैठकको मूल एजेण्डा नै श्रम सम्झौताको मिति तय गर्ने हुने मन्त्रालयको भनाइ छ । साथै, इजरायलसँग थपिएको दुई वटा प्रोटोकलका विषयमा मन्त्रालयबाट राय लिने काम भइरहेको जनाइएको छ ।

हालसम्म नेपालले १३ वटा मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गरेको छ । तर कतिपय मुलुकसँगको सम्झौता नवीकरण गर्नुपर्ने अवस्थामा छ । कतार, मरिसस, संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया, दक्षिण कोरियाजस्ता मुलुकसँगको सम्झौता सक्किसकेको छ । गत साता श्रममन्त्री रामजी यादव र नेपालका लागि कतारका राजदूतबीच भएको छलफलमा कतारसँगको सन् २००५ को श्रम सम्झौतालाई संशोधन गर्ने विषयमा छलफल भएको थियो ।

क्रमशः पृष्ठ २ मा



> कुनै पनि मुलुकसँग आजको भोलि श्रम सम्झौता गर्छु भनेर हुने विषय होइन । आन्तरिकरूपमा विभिन्न चरणमा संवाद भइरहेको छ । टुंगिने चरणमा रहेका सम्झौतामा केही इस्यु रहेकाले त्यसलाई सल्टाउन लागिरहेका छौं ।
>
> **मीरा आचार्य**
> प्रवक्ता, श्रम मन्त्रालय

## नोभेम्बरमा रोजगार मेला गर्नेबारे जापानको टोलीसँग छलफल



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रोजगार मेला अयोजना गर्ने विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जापानको एक टोलीसँग छलफल गरेको छ । आउँदो नोभेम्बरमा मेला आयोजना गर्ने हिसाबले उक्त टोलीसँग बुधबार छलफल गरिएको संघले जनाएको छ ।

जापानको कृषि क्षेत्रमा धेरै श्रमिकको माग भएकाले जापानका रोजगारदाता र नेपालका म्यानपावर एजेन्सीलाई एकै ठाउँमा ल्याउन मेला आयोजना गर्न खोजिएको संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए । नेपालका एजेन्सीहरू जापान जाँदा बढी खर्चिलो हुने भएकाले जापान पक्षलाई नै नेपालमा बोलाउन खोजिएको खत्रीको भनाइ छ ।

'उता जाँदा खर्चिलो हुन्छ । त्यसैले उताका रोजगारदातालाई यता बोलाउन पाए हुन्थ्यो भनेर तयारी गरिरहेको हो,' उनले भने, 'मेलामा रोजगारदाता र रिक्रुटिङ एजेन्सीहरूको भेट गराउने हो । हाम्रा एजेन्सीहरू गएर व्यावसायिक सम्बन्ध स्थापित गर्लान् ।'

मेला आयोजना गर्ने विषयमा बुधबार एउटा टोलीसँग प्रारम्भिक छलफल भएको खत्रीले बताए । अझै धेरै रोजगारदातासँग छलफल आवश्यक रहेको उनको भनाइ छ । मेलाले नेपाली श्रमिकलाई परम्परागत श्रम गन्तव्यबाट उदयीमान गन्तव्यतर्फ स्थानान्तरण गर्न सहयोग पुग्ने संघको अपेक्षा छ ।

## पृष्ठ १ बाट क्रमशः

# बाढी, पहिरो...

वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव आउने तथा सहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुने भएकाले आवश्यक सतर्कता अपनाउन र पूर्वतयारीका लागि आवश्यक कार्य गर्न आग्रह गरिएको छ ।

वर्षाका कारण सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले यात्रा गर्नुअघि सडक र मौसमको अवस्थाबारे जानकारी लिन आग्रह गरिएको छ । केही क्षेत्रमा भारी हिमपातसमेत हुने देखिएकोले प्रतिकार्यसमेत गर्नुपर्ने मौसमविद् ढकालले बताए । 'बिहीबार वर्षाको गतिविधि बढ्दै जाने छ । शुक्रबार भारी वर्षा र अति भारी वर्षाको सम्भावना छ । शुक्रबार कोशी, बागमती, गण्डकीको हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावना छ,' मौसमविद् ढकालले भने, 'शनिबार पनि वर्षा जारी रहने र आइतबारदेखि मौसम सुध्रने देखिन्छ ।'

महाशाखाले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन लगायत नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सरोकारवाला निकायहरूमा अनुरोध गरेको छ ।

मंगलबार गृहमन्त्री सुधन गुरुङ र ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले मौसम पूर्वानुमान महाशाखा पुगेर पछिल्लो अवस्थाको अपडेट लिएका थिए । उनले यसको तयारीबारे विभागमा बुझेका थिए । 'रेनफल कुन डिरेक्सनमा आइरहेको छ, कुन-कुन नदीमा बाढी आउन सक्छ यसको बारेमा हामीलाई लिस्ट दिनुहोला,' गृहमन्त्री गुरुङले प्रश्न गरेका थिए ।

बुधबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले साँझ ७७ वटै जिल्लाको प्रमुख जिल्ला अधिकारीहरुसँग छलफल गरेको छ । गृहसचिव केदारनाथ शर्माको नेतृत्वमा भएको छलफलमा वर्षाको सम्भावित अवस्था, जोखिमयुक्त जिल्लाहरुमा अपनाउनुपर्ने सतर्कता, सर्वसाधारणलाई पुऱ्याउनुपर्ने सूचना, सवारी आवागमन बन्दलगायतको विषयमा छलफल भएको थियो ।

छलफलमा प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले जोखिम देखिएका क्षेत्रहरुमा सतर्कता अपनाउँदै आवश्यक पूर्वतयारीमा रहन आग्रह गरेका थिए ।

■■■

असर देखिएमा तत्कालै जिल्ला प्रशासन कार्यालयले निर्णय लिन सक्ने छन् । प्राधिकरणले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई 'भर्चुअल' बैठकबाट यो अधिकार दिएको हो ।

बाढीपहिरोको कारण कुनै ठाउँको सडकमा सवारी आवतजावत रोक्नु पर्ने भए प्रमुख जिल्ला अधिकारी र स्थानीय तहले निर्णय गर्ने अधिकार दिइएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए । 'सतर्कता अपनाउनुहोला । आधिकारिक सूचना लिनुहोला । अत्यावश्यकबाहेक यात्रा नगर्नुहोला । बाढीपहिरो र डुबानको जोखिम रहेको ठाउँमा नबस्नुहोला । सरकारले पूर्वतयारीका लागि सबै संयन्त्र सक्रिय बनाएको छ । त्रासमा रहनुभन्दा उच्च सतर्कता अपनाउन सबैमा आग्रह गर्दछु,' प्रवक्ता काफ्लेले भने ।

त्यस्तै विद्यालयलगायत अन्य क्षेत्रमा असर पर्ने देखिएमा बिदा दिने निर्णय पनि जिल्ला प्रशासन कार्यालय गर्न सक्ने छ । तर, देशभर नै प्रभावित भए केन्द्रबाट नै निर्णय हुन सक्ने विषयमा पनि छलफल भएको छ । तत्काल नै बिदा वा सवारी बन्द गर्दा असर पर्ने देखिएकाले सूचनाको आधारमा जोखिम भएमा केही समय अगाडि मात्र निर्णय गर्न भनिएको छ ।

### घण्टाघण्टामा पूर्वसूचनाको तयारी

प्राधिकरणका कार्यकारी प्रमुख उप्रेतीले वर्षा र बाढीबारे हरेक घण्टा पूर्वसूचना दिइने बताएका छन् । 'पूर्वसूचना प्रणालीलाई हामी घण्टा-घण्टामा अद्यावधिक गर्ने र अवस्था निगरानी गर्ने काम गर्छौं । कुनै ठाउँमा बाढी खतराको तहमा कहिले पुग्छ र त्यसले के प्रभाव पार्छ भनेर बाढी पूर्वानुमान महाशाखासँग समन्वय भइरहेको छ । पानी कति परिरहेको छ भन्ने विवरण हामी रियल टाइममा हेर्छौं । नागरिकको मोबाइलमा आउने एसएमएस सन्देशलाई गम्भीरतापूर्वक हेरिदिनुहुन अनुरोध गर्दछु,' उप्रेतीले भने ।

समुद्रमा बन्ने ठूलो आँधी प्रणाली र त्यसको दिशा परिवर्तनको सम्भावनालाई प्राधिकरणले प्रत्यक्ष निगरानी गरिरहेको बताइएको छ । मौसम प्रणाली तीव्र गतिमा फेरिन सक्ने भएकाले उच्च हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावनालाई मध्यनजर गर्दै 'रेड अलर्ट' जारी गरिएको छ ।

### देशभरका अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन

बाढी, पहिरोलगायतका विपद् तथा जनस्वास्थ्यमा पर्न सक्ने जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले देशभरका अस्पताल र स्वास्थ्य संस्थालाई आवश्यक तयारी अवस्थामा रहन निर्देशन दिएको छ । हाल विभिन्न स्थानमा वर्षा भइरहेको अवस्थामा सम्भावित जोखिमप्रति सतर्क रहन मन्त्रालयले अनुरोध गरेको हो ।

स्वास्थ्य मन्त्रालयले निरन्तर वर्षाका कारण बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोप उत्पन्न भई दुर्घटना, चोटपटक तथा अन्य जनस्वास्थ्यसम्बन्धी समस्या बढ्न सक्ने भएकाले सबै अस्पताल तथा स्वास्थ्य संस्थालाई आवश्यक जनशक्ति, औषधि तथा स्वास्थ्य सामग्री तयारी अवस्थामा राख्न आग्रह गरेको हो । साथै, आकस्मिक स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न र सम्भावित विपद्का समयमा सेवा प्रवाहमा अवरोध हुन नदिन आवश्यक व्यवस्थापन गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले बिरामी स्थानान्तरण तथा रेफरल सेवालाई सहज र प्रभावकारी बनाउन, एम्बुलेन्स सेवाको समन्वय तथा सञ्चालनलाई प्रभावकारी बनाउन र आवश्यकताअनुसार संघीय तथा प्रदेशस्तरका स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गरी आवश्यक सहजीकरण गर्न पनि अनुरोध गरेको छ ।

### असोज ८ र ९ गते देशभरका विद्यालय बन्द गर्न निर्देशन

शिक्षा तथा खेलकुद मन्त्रालयले यही असोज ९, १० र ११ गते देशका विभिन्न भागमा हुन सक्ने भारी वर्षा र प्राकृतिक विपद्को जोखिमलाई ध्यानमा राख्दै देशभरका शिक्षण संस्था बिदा दिन तथा सञ्चालनमा रहेका परीक्षाहरू स्थगित गर्न अनुरोध गरेको छ । अवधिमा देशका धेरैजसो स्थानमा भारीदेखि अति भारी वर्षा, उच्च पहाडी तथा हिमाली भेगमा हिमपात, हावाहुरी र चट्याङ पर्ने सम्भावना रहेकोले यसबाट बाढी, पहिरो, डुबान, सडक अवरोधका साथै विद्युत् र सञ्चार सेवासमेत प्रभावित हुनसक्ने भएकाले उच्च पूर्वतयारी र सावधानी अपनाउन मन्त्रालयले आग्रह गरेको हो ।

शिक्षा विकास तथा समन्वय एकाइ (सबै) लाई सम्बोधन गर्दै मन्त्रालयका सहसचिव श्रीप्रसाद भट्टराईले जारी गरेको सूचनामा विद्यार्थी, शिक्षक तथा कर्मचारीको सुरक्षाका लागि असोज ८ र ९ गते स्थानीय तहसँगको समन्वयमा आवश्यकतानुसार विद्यालयहरूमा बिदा दिनुपर्ने भनिएको छ । यसैगरी असोज ९ देखि ११ गतेसम्म तोकिएका सम्पूर्ण विश्वविद्यालय तथा परीक्षा सञ्चालन गर्ने निकायका परीक्षाहरू आवश्यकतानुसार स्थगित गर्नुपर्ने भनिएको छ ।

विपद्को समयमा सुरक्षित विद्यालय भवनहरूलाई अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गर्नुपर्ने अवस्था आएमा स्थानीय तहलाई सहजीकरण गर्न, बालबालिकाहरूलाई नदी, खोला, पोखरी तथा पहिरोको जोखिम भएका क्षेत्रमा जान नदिन सम्पूर्ण अभिभावकहरूसँग आग्रह गरिएको छ ।

■■■

# सतर्कता अपनाउन...

पहिरो तथा बाढीको जोखिम भएका क्षेत्र, नदी तथा खोलानजिकका क्षेत्रमा विशेष सतर्कता अपनाउन अनुरोध छ,' प्रधानमन्त्री शाहले भनेका छन् ।

उनले ट्रेकिङ तथा हिमाली क्षेत्रमा जाने योजना बनाएका व्यक्तिहरूले मौसम सुधार नभएसम्म यात्रा स्थगित गर्न भनेका छन् ।

प्रधानमन्त्री राष्ट्रसंघ जाँदा यसअघि पनि भारी वर्षा

२०८१ असोजमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए । ओली असोज ४ गते संयुक्त राष्ट्रसंघको ७९औं महासभामा भाग लिन अमेरिका उडेका थिए । ओली असोज १४ गते काठमाडौं आइपुगे । उक्त वर्ष असोज ११ र १२ गते काभ्रेको रोशी र ललितपुरको गोदावरी नगरपालिकाको टीकाभैरव क्षेत्रमा बाढीले ठूलो नोक्सानी पुऱ्याएको थियो ।

मुलुकले ठूलो विपत्ति व्यहोर्दा देशका प्रधानमन्त्री ओलीले संयुक्त राष्ट्रसंघको महासभामा सम्बोधन गरिसकेका थिए । बाढीका कारण नख्खु क्षेत्रमा नागरिकको उद्धार हुन सकेन । त्यतिबेलाका गृहमन्त्री रमेश लेखकले भिजिभिलिटी नपुग्दा हेलिकप्टर उड्न नसकेकोले उद्धार हुन नसकेको बताएका थिए ।

■■■

# पाठ्यक्रम परिमार्जनमा...

सुझाव संकलनका क्रममा नैतिक तथा संस्कारयुक्त शिक्षालाई पनि प्राथमिकतामा राख्नुपर्ने विषय उठेको छ । विद्यार्थीलाई केवल परीक्षा केन्द्रित ज्ञान दिनेभन्दा व्यवहार, जिम्मेवारी, अनुशासन, सामाजिक मूल्य र संस्कारसँग जोडिएको शिक्षा दिनुपर्ने सुझाव आएको हो । तर विद्यालयलेमात्रै विद्यार्थीलाई सबै प्रकारको नैतिक शिक्षा दिन नसक्ने कार्यदलको बुझाइ छ । परिवार, समाज र विद्यालयको वातावरणले पनि बालबालिकाको व्यवहार निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने संयोजक लुइँटेल बताउँछन् ।

'नैतिक शिक्षाको कुरा ठिकै हो तर सबै कुरा विद्यालयले नै सिकाइदिने भन्ने कुरा सिसिफसको कथाजस्तै होला । हाम्रा लुकेका पाठ्यक्रम, अभ्यास, परिवार र समाजबाट सिक्ने कुरा होला,' उनले भने ।

पाठ्यक्रमलाई चुस्त र व्यावहारिक बनाउनुपर्ने सुझाव पनि ठूलो संख्यामा आएको छ । विद्यार्थीलाई धेरै किताब र गृहकार्यको बोझ दिनेभन्दा प्रयोगात्मक र अनुभवमा आधारित सिकाइमा जोड दिनुपर्ने सरोकारवालाको सुझाव छ । यही क्रममा 'बुक फ्री' र 'ब्यागलेस डे'को अवधारणा पनि अघि आएको छ ।

यस अवधारणाअन्तर्गत निश्चित दिन विद्यार्थीले किताब र झोला नबोकी विद्यालयमा पुग्ने छन् । तर त्यो दिन पढाइ नहुने भने होइन । किताबबाहेकका व्यावहारिक गतिविधिमार्फत सिकाइ गराउने यसको उद्देश्य हो ।

स्थानीय सीप र परम्परागत ज्ञानलाई विद्यालय शिक्षासँग जोड्नुपर्ने सुझावसमेत आएको छ । पराजुलीका अनुसार कुमाल परिवारमा माटाका भाँडा बनाउने काम हुन्छ भने त्यस्ता परिवारका बालबालिकाले विद्यालयमै त्यससम्बन्धी सीप सिक्न सक्ने वातावरण बनाउन सकिन्छ । विद्यालय तहदेखि नै विद्यार्थीलाई सीप, व्यावसायिक ज्ञान र उद्यमशीलतासँग जोड् नुपर्ने सुझाव पनि आएको छ ।

शिक्षालाई प्रमाणपत्र प्राप्त गर्ने माध्यमका रूपमामात्र नभई जीवन उपयोगी सीपसँग जोड्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । विद्यार्थीले पढाइसँगै कुनै न कुनै सीप सिक्ने व्यवस्था गर्नुपर्ने सुझाव कार्यदलमा पुगेको छ ।

यसले भविष्यमा रोजगारी खोज्नेमात्र नभई आफ्नै क्षेत्रमा काम सिर्जना गर्न सक्ने जनशक्ति उत्पादन गर्ने लक्ष्यलाई समेत सहयोग गर्ने अपेक्षा गरिएको छ । पाठ्यक्रम, शिक्षण विधि र मूल्यांकन प्रणालीमा समावेशितालाई पनि प्राथमिकता दिनुपर्ने सुझाव आएको छ । विभिन्न क्षमता, रुचि, सामाजिक पृष्ठभूमि र सिकाइको गतिलाई ध्यानमा राखेर शिक्षण तथा मूल्यांकन प्रणाली विकास गर्नुपर्ने सरोकारवालाको सुझाव छ ।

कार्यदलले विज्ञहरूले तयार पारेका १२ वटा विषयगत पत्र, विभिन्न अनुसन्धान प्रतिवेदन तथा विज्ञ र सरोकारवालाका सुझावलाई समेत समेटेर राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गर्ने जनाएको छ । कार्यदल र पाठ्यक्रम विकास केन्द्रका अनुसार सातवटै प्रदेशका २८ जिल्लाका ५१ स्थानमा पुगेर २५ हजारभन्दा बढी व्यक्तिसँग अन्तरक्रिया गरिएको छ ।

विशेषगरी विद्यार्थी र शिक्षकसँग कक्षाकोठामै पुगेर वर्तमान पाठ्यक्रम कार्यान्वयनको अवस्था र उनीहरूका सुझाव लिइएको केन्द्रले जनाएको छ । शिक्षाका सूचकमा पछाडि रहेको मधेस प्रदेशका धनुषा, सिरहा, महोत्तरी र सप्तरीलगायत जिल्लामासमेत छलफल गरिएको छ । अनलाइन माध्यमबाटसमेत सुझाव पठाउन सकिने व्यवस्था गरिएको छ ।

कार्यदलले माघभित्र राष्ट्रिय पाठ्यक्रम प्रारूपको प्रतिवेदन बुझाउने तयारी गरेको छ । काम छिटो अघि बढेमा त्यसअघि नै प्रतिवेदन आउन सक्ने संयोजक लुइँटेलले बताएका छन् ।

प्रतिवेदनपछि पाठ्यक्रम तथा मूल्यांकन परिषद्बाट अनुमोदनको प्रक्रिया अघि बढ्ने छ । त्यसपछि आगामी वैशाखदेखि नयाँ पाठ्यक्रम र पाठ्यसामग्री निर्माणको काम सुरु गर्ने तयारी छ ।

यसरी प्राप्त सुझावले नेपालको विद्यालय शिक्षालाई प्रविधि, सीप, उद्यमशीलता, वातावरण र व्यावहारिक जीवनसँग जोड्ने दिशातर्फ लैजान खोजिएको देखिन्छ । तर सुझावलाई पाठ्यक्रममा कसरी समेटिन्छ र त्यसको प्रभावकारी कार्यान्वयन कसरी हुन्छ भन्ने विषय भने आगामी प्रक्रियाले निर्धारण गर्ने छ ।

पाठ्यक्रम परिमार्जनमा...

सुझाव संकलनका क्रममा नैतिक तथा संस्कारयुक्त शिक्षालाई पनि प्राथमिकतामा राख्नुपर्ने विषय उठेको छ । विद्यार्थीलाई केवल परीक्षा केन्द्रित ज्ञान दिनेभन्दा व्यवहार, जिम्मेवारी, अनुशासन, सामाजिक मूल्य र संस्कारसँग जोडिएको शिक्षा दिनुपर्ने सुझाव आएको हो । तर विद्यालयलेमात्रै विद्यार्थीलाई सबै प्रकारको नैतिक शिक्षा दिन नसक्ने कार्यदलको बुझाइ छ । परिवार, समाज र विद्यालयको वातावरणले पनि बालबालिकाको व्यवहार निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने संयोजक लुइँटेल बताउँछन् ।

'नैतिक शिक्षाको कुरा ठिकै हो तर सबै कुरा विद्यालयले नै सिकाइदिने भन्ने कुरा सिसिफसको कथाजस्तै होला । हाम्रा लुकेका पाठ्यक्रम, अभ्यास, परिवार र समाजबाट सिक्ने कुरा होला,' उनले भने ।

पाठ्यक्रमलाई चुस्त र व्यावहारिक बनाउनुपर्ने सुझाव पनि ठूलो संख्यामा आएको छ । विद्यार्थीलाई धेरै किताब र गृहकार्यको बोझ दिनेभन्दा प्रयोगात्मक र अनुभवमा आधारित सिकाइमा जोड दिनुपर्ने सरोकारवालाको सुझाव छ । यही क्रममा 'बुक फ्री' र 'ब्यागलेस डे'को अवधारणा पनि अघि आएको छ ।

यस अवधारणाअन्तर्गत निश्चित दिन विद्यार्थीले किताब र झोला नबोकी विद्यालयमा पुग्ने छन् । तर त्यो दिन पढाइ नहुने भने होइन । किताबबाहेकका व्यावहारिक गतिविधिमार्फत सिकाइ गराउने यसको उद्देश्य हो ।

स्थानीय सीप र परम्परागत ज्ञानलाई विद्यालय शिक्षासँग जोड्नुपर्ने सुझावसमेत आएको छ । पराजुलीका अनुसार कुमाल परिवारमा माटाका भाँडा बनाउने काम हुन्छ भने त्यस्ता परिवारका बालबालिकाले विद्यालयमै त्यससम्बन्धी सीप सिक्न सक्ने वातावरण बनाउन सकिन्छ । विद्यालय तहदेखि नै विद्यार्थीलाई सीप, व्यावसायिक ज्ञान र उद्यमशीलतासँग जोड् नुपर्ने सुझाव पनि आएको छ ।

शिक्षालाई प्रमाणपत्र प्राप्त गर्ने माध्यमका रूपमामात्र नभई जीवन उपयोगी सीपसँग जोड्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । विद्यार्थीले पढाइसँगै कुनै न कुनै सीप सिक्ने व्यवस्था गर्नुपर्ने सुझाव कार्यदलमा पुगेको छ ।

यसले भविष्यमा रोजगारी खोज्नेमात्र नभई आफ्नै क्षेत्रमा काम सिर्जना गर्न सक्ने जनशक्ति उत्पादन गर्ने लक्ष्यलाई समेत सहयोग गर्ने अपेक्षा गरिएको छ । पाठ्यक्रम, शिक्षण विधि र मूल्यांकन प्रणालीमा समावेशितालाई पनि प्राथमिकता दिनुपर्ने सुझाव आएको छ । विभिन्न क्षमता, रुचि, सामाजिक पृष्ठभूमि र सिकाइको गतिलाई ध्यानमा राखेर शिक्षण तथा मूल्यांकन प्रणाली विकास गर्नुपर्ने सरोकारवालाको सुझाव छ ।

कार्यदलले विज्ञहरूले तयार पारेका १२ वटा विषयगत पत्र, विभिन्न अनुसन्धान प्रतिवेदन तथा विज्ञ र सरोकारवालाका सुझावलाई समेत समेटेर राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गर्ने जनाएको छ । कार्यदल र पाठ्यक्रम विकास केन्द्रका अनुसार सातवटै प्रदेशका २८ जिल्लाका ५१ स्थानमा पुगेर २५ हजारभन्दा बढी व्यक्तिसँग अन्तरक्रिया गरिएको छ ।

विशेषगरी विद्यार्थी र शिक्षकसँग कक्षाकोठामै पुगेर वर्तमान पाठ्यक्रम कार्यान्वयनको अवस्था र उनीहरूका सुझाव लिइएको केन्द्रले जनाएको छ । शिक्षाका सूचकमा पछाडि रहेको मधेस प्रदेशका धनुषा, सिरहा, महोत्तरी र सप्तरीलगायत जिल्लामासमेत छलफल गरिएको छ । अनलाइन माध्यमबाटसमेत सुझाव पठाउन सकिने व्यवस्था गरिएको छ ।

कार्यदलले माघभित्र राष्ट्रिय पाठ्यक्रम प्रारूपको प्रतिवेदन बुझाउने तयारी गरेको छ । काम छिटो अघि बढेमा त्यसअघि नै प्रतिवेदन आउन सक्ने संयोजक लुइँटेलले बताएका छन् ।

प्रतिवेदनपछि पाठ्यक्रम तथा मूल्यांकन परिषद्बाट अनुमोदनको प्रक्रिया अघि बढ्ने छ । त्यसपछि आगामी वैशाखदेखि नयाँ पाठ्यक्रम र पाठ्यसामग्री निर्माणको काम सुरु गर्ने तयारी छ ।

यसरी प्राप्त सुझावले नेपालको विद्यालय शिक्षालाई प्रविधि, सीप, उद्यमशीलता, वातावरण र व्यावहारिक जीवनसँग जोड्ने दिशातर्फ लैजान खोजिएको देखिन्छ । तर सुझावलाई पाठ्यक्रममा कसरी समेटिन्छ र त्यसको प्रभावकारी कार्यान्वयन कसरी हुन्छ भन्ने विषय भने आगामी प्रक्रियाले निर्धारण गर्ने छ ।

■■■

# गन्तव्य मुलुकले...

मलेसियाले भने पछिल्लो समय लागू गर्न खोजेको विवादित प्रणालीका कारण नवीकरणमा चासो नदेखाएको जनाइएको छ ।

पछिल्लो समय नेपालीहरू वैदेशिक रोजगारीका लागि १५० भन्दा बढी मुलुकमा जाने गरेका छन् । जसमध्ये करिब ३० वटा मुलुकमा वार्षिक एक हजारभन्दा बढी युवाहरू रोजगारी खोज्दै पुग्ने गरेका छन् । केही वर्षयता वार्षिक आठ लाखभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा जान्छन् । यसरी रोजगारीमा जाने श्रमिकको भर्ना, रोजगारी र स्वदेश फिर्तीलाई व्यवस्थित बनाउन द्विपक्षीय श्रम सम्झौता आवश्यक मानिन्छ ।

# के छ सरकारको...

सुरक्षा प्रमुख, प्रमुख जिल्ला अधिकारीलाई अत्यावश्यक बाहेक जिल्ला नछोड्न भनिएको छ । विपद्मा उद्धार र जोखिम न्यूनीकरणका लागि अब्बल मानिँदै आएको सशस्त्र प्रहरीले १० हजारभन्दा बढी सुरक्षाकर्मी विपद्का लागि नै तयारी अवस्थामा राखेको छ ।

सशस्त्र प्रहरीले देशभर ६४९ स्थान जोखिमयुक्त सूचीमा राखेको छ । नदी किनारका तटीय क्षेत्र, पहिरो र भिरालो स्थान, उपत्यका र भारी वर्षा हुँदा निकास साँघुरो भएका ठाउँलाई जोखिम क्षेत्र बनाइएको छ । मौसम विभागको सूचना लिएर भारी वर्षा हुने स्थानमा सुरक्षाकर्मीको तैनाथ बढाइएको हो ।

त्यस्तै भारी वर्षामा उद्धार गर्न र न्यूनीकरणका लागि आवश्यक पर्ने डुंगा, सूचनाका लागि ड्रोन, गोताखोरलगायतको टोली तयार गरिएको गृह मन्त्रालयले जनाएको छ । मौसमलाई ध्यानमा दिएर हवाईदेखि सडकसम्मको यात्रा गर्न भनिएको छ । नेपाली सेनाले पनि मनसुन पूर्व तयारी योजना अनुसार नै स्रोत र साधनहरू तयारी अवस्थामा राखेको छ ।

मौसम विभागले अनुमान गरेरझैं भारी वर्षा र त्यसको

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना !**

*प्रकाशित मिति : २०८३/०६/०८ गते*

यस Mass Holdings Pvt. Ltd. ले India बाट पैठारी गरेको देहायको सामानहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| S.N. | Particulars | DIMENSION | Brand | Model | Capacity | Making | Unit | Unit Per Price | Total MRP per Unit |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Industrial Washer Extractor Machine, 50 Kg. Capacity Per Charge. Electric Heated, Front Loading. | 1450X1750X1850 MM | Fabcare | AWXE 50 | 50kg | India | Pcs | 2300000 | 2300000 |
| 2. | Industrial Washer Extractor Machine, 60 Kg. Capacity Per Charge. Electric Heated, Front Loading. | 1450X1750X1850 MM | Fabcare | AWXE 60 | 60kg | India | Pcs | 2300000 | 2300000 |
| 3. | Industrial Washer 12 Kg Capacity Each. | 750X700X1000 MM | Fabcare | AWXH 12 | 12kg | India | Pcs | 3500000 | 3500000 |
| 4. | Industrial Dryer 12 Kg Capacity Each. | 750X700X1000 MM | Fabcare | AWXDT 12 | 12kg | India | Pcs | 2500000 | 2500000 |
| 5. | V-Belt For Washer (Stacker) | | Fabcare | | | India | Pcs | 20920 | 20920 |
| 6. | V-Belt For Dryer(Stacker) | | Fabcare | | | India | Pcs | 20000 | 20000 |

**Importer Name**: Mass Holdings Pvt. Ltd. **Address** : Dhumbarahi-4, Kathmandu

**MRP मूल्य सूची**

**Akash International** द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंबर | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Akash International | 600413549 | Washing Machine | AWAI | AW9.00BLDT | 9 Kg | 63,000/- | |

**Akash International** | Kuleshwor, Kathmandu, Nepal, Phone No. : 01-4302480

**युएइमा रोजगारको अवसर** **Free Visa!! Free Ticket!!**

कम्पनी : **ATLANTIS THE PALM HOTEL & RESORT**

पूर्व स्वीकृति मिति : २०८३/०३/२१ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ LT. No. 344394 चलानी नं. ६०२५७७६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 5 | 5 | 3500 | १,४५,९६२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 10 | 1680 | ७०,०४४ | | | | | | | |
| 3 | Cashier | 10 | 5 | 1493 | ६२,२४८ | | | | | | | |
| 4 | Waiter/Waitress | 50 | 50 | 1350 | ५६,२८६ | | | | | | | |
| 5 | Clerk | 3 | 3 | 1620 | ६७,५४३ | | | | | | | |
| 6 | Commis Cook | 30 | 20 | 1500 | ६२,५४० | | | | | | | |
| 7 | Lifeguard | 10 | 0 | 1700 | ७०,८७८ | | | | | | | |
| 8 | CUSTOMER SERVICE AGENT | 7 | 7 | 1350 | ५६,२८६ | | | | | | | |
| 9 | housekeeping attendent/ chamberman/ chambermaid | 25 | 25 | 1400 | ५८,३७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तवारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम ईजाजत नं. ८२२/०६६/०६७

**Sunawarshi Municipality**
**Office Of The Municiple Executive**
**Dainiya, Morang**
**Koshi Province**

**Invitation For Bid**

**Published date: 2083/06/08 (24th of Sept. 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites bids (Hard Copy) from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (Witht Vat and PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ ROAD/ 083/84-06 | *Devi chowk dakshin rajendra basnetko pasal samma kalopatre sadak* | *49,94,921.54/-* | 1,00,000.00/- | 3,000 /- |
| SUNMUN/ ROAD/ 083/84-07 | *Beldangi Dekhi BP sewa kendra samma sadak kalopatre* | *49,92,314.95/-* | 1,00,000.00/- | 3,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents by hard copy from office of sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178), Office Code no.: 80101137, ८०११३८०७३००, Rajaswa (revenue) Shirshak no.: 14229**
4. A complete Set of Bidding Documents May be purchased by hard copy from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by depositing the cost (non-refundable fee as mention in the 5th column of above table on or Before ***2083/06/29 (15th of Oct. 2026)*** during office hours in the Project's Rajaswa (revenue) account as specified above.
5. Pre-bid meeting shall be held at ***Sunawarshi Municipality, Dainiya Morang*** at ***12:00 noon*** on ***2083/06/16 (2nd of Oct. 2026).***
6. Bids must be submitted to the office of the sunawarshi municipality by hand or courier on before 12:00 noon on ***2083/06/30 (16th of Oct. 2026)***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 noon*** on ***2083/06/30 (16th of Oct. 2026)*** at the office of ***Sunawarshi Municipality, Dainiya Morang.*** Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security, amounting to a minimum of ***Amount mention in 4th column*** which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. 2083/10/28 (11th of Feb. 2027))***
8. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.9
9. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
10. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**



**ठड्याइयो योसिँ इन्द्रध्वजा 'लिंगो'**

**इन्द्रजात्राका अवसरमा हनुमानढोका दरबार परिसरमा बुधबार बिहान शुभसाइतमा ३२ हातको योसिँ इन्द्रध्वजा 'लिंगो' ठड्याइँदै । इन्द्रजात्राका अवसरमा लिंगो (य:सिँ) ठड्याउने परम्परा प्राचीन नेवारी संस्कृतिसँग जोडिएको महत्त्वपूर्ण धार्मिक परम्परा हो ।** *तस्बिर: रत्न श्रेष्ठ/रासस*

# 'जलवायु संकटको जोखिम नेपालका विपद्ले पुष्टि गरेको छ'



**काठमाडौं–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपालका विपद्ले जलवायु संकटको जोखिम पुष्टि गरेको भन्दै विश्वसमुदायको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रसंघको ८१औं महासभाअन्तर्गत साधारण सत्रको उद्घाटन सत्रलाई सम्बोधन गर्ने क्रममा महासचिव गुटेरेसले जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि भई नेपालसहित हिमाली मुलुक बढी प्रभावित भएको बताए । यसरी तापक्रम वृद्धि भई हिमनदी पग्लनेक्रम बढीरहे विश्वले अझै ठूलो समस्या झेल्नुपर्ने उनले बताए ।

महासचिव गुटेरेसले तीन वर्षअघि नेपाल भ्रमणका क्रममा हिमनदी तीव्र गतिमा पग्लिरहेको भन्दै विश्व समुदायलाई चेतावनी दिएका थिए । उनले नेपालको भोटेकोशी बाढीजस्ता विपद्ले जलवायुजन्य समस्यालाई वास्तविकतामा परिणत गरेको स्पष्ट गरे ।

'तीन वर्षअघि नेपालको हिमालबाट मैले विश्वको छाना भत्किँदै गएको चेतावनी दिएको थिएँ,' उनले भने, 'त्यतिबेलाको चेतावनीलाई अतिरञ्जित ठान्नेहरू भए पनि पछिल्ला घटनाले जलवायु परिवर्तनका असर अनुमान गरिएभन्दा छिटो, गम्भीर र व्यापकरूपमा देखिन थालेको पुष्टि गरेको छ ।'

महासचिव गुटेरेसले जलवायु परिवर्तनबाट उत्पन्न जोखिम अब भविष्यको विषय नभई वर्तमानको वास्तविकता बनिसकेको स्पष्ट गर्दै विश्वव्यापी कार्वन उत्सर्जनमा न्यून योगदान गर्ने मुलुकहरूले नै यसको ठूलो मूल्य चुकाइरहेको उल्लेख गरे ।

उनले जलवायु न्यायको आवश्यकता औंल्याउँदै प्रदूषण गर्नेहरूले नै त्यसको मूल्य तिर्नुपर्ने र जलवायुजन्य विपद्बाट प्रभावित जोखिममा रहेका मुलुकले क्षतिपूर्तिस्वरूप न्याय तथा आवश्यक वित्तीय सहयोग पाउनुपर्ने धारणा व्यक्त गरे ।

'जलवायु परिवर्तनका कारण हुने हानि तथा क्षति सम्बोधन गर्न स्थापना गरिएको कोषमा पर्याप्त रकम छैन । विकसित मुलुकहरूलाई जलवायु वित्तसम्बन्धी आफूले गरेको प्रतिबद्धता पूरा गर्न आग्रह गर्दछु,' गुटेरेसले भने, 'जलवायु अनुकूलन वित्तलाई तीन गुणा वृद्धि गर्न र हानि तथा क्षति कोषमा थप स्रोत परिचालन गर्न आह्वान गर्दछु ।' *रासस*

## श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड
**गैडाकोट, नवलपरासीको**

### वार्षिक साधारण सभा बस्ने सूचना

श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेडको मिति २०८३।०६।०२ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०८१।०८२ र २०८२।०८३ को एकतिसौं र बत्तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(१) वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:**

क. मिति : २०८३।०६।२९ गते (तदनुसार १५ अक्टोबर २०२६)
ख. समय : अपरान्ह ४.०० बजे
ग. स्थान : अर्पण ब्यांकेट, नयाँ बानेश्वर, काठमाण्डौ

**(२) वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत हुने प्रस्तावहरु:**

१. संचालक समितिले तयार गरेको आ.व.२०८१।०८२ र आ.व.२०८२।०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको लेखा परीक्षण गरिएको आ.व.२०८१।०८२ र आ.व.२०८२।०८३ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व.२०८१।०८२ र आ.व.२०८२।०८३ को दफा ७८ सम्बन्धमा ।
४. लेखा परिक्षण समितिको सिफारिसमा आ.व.२०८३।८४ का लागि लेखा परीक्षक नियुक्तिको सिफारिस गर्ने बारे ।
५. संचालक समितिले गरेका काम कारवाहीहरुको अनुमोदन गर्ने ।
६. संचालक समिति सम्बन्धमा ।
७. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

नोट: साधारण सभा सम्बन्धि जानकारी तथा कम्पनीको संक्षिप्त वार्षिक विवरण कम्पनीको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लिमिटेडको वेवसाईट www.sunrisecapital.com.np बाट प्राप्त गर्न सकिनेछ ।

# बिपी राजमार्गको ट्र्याकको काम केही दिन स्थगित गरिने

**काठमाडौं (प्रस)–** सरकारले भारी वर्षाको सम्भावनालाई ध्यानमा राख्दै बिपी राजमार्गको निर्माणाधीन ट्र्याकको काम केही दिन स्थगित गर्ने तयारी गरेको छ ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले आगामी केही दिन देशका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना रहेकाले मौसम पूर्वानुमानलाई ध्यानमा राख्दै बिपी राजमार्गको निर्माणाधीन 'ट्र्याक'को काम केही दिनका लागि स्थगित गरेर यातायात सञ्चालनलाई सहज र सुरक्षित बनाउने तयारी गरिएको जानकारी दिए ।

'सम्भावित वर्षा, पहिरो तथा सडकमा आउन सक्ने चुनौतीलाई मध्यनजर गर्दै निर्माण कार्य केही दिन स्थगित गर्ने तयारी गरिएको हो । यसबाट सडकमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्दै यातायात सञ्चालनलाई सुरक्षित र सहज बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ,' उनले भने ।

मन्त्री लम्सालले सम्भावित वर्षा तथा पहिरोको जोखिमलाई ध्यानमा राख्दै यात्राका क्रममा सतर्कता अपनाउन र अनावश्यक जोखिम नलिन सम्पूर्ण यात्रु तथा सर्वसाधारणमा अनुरोध गरेका छन् ।

# कान्ति राजमार्ग र भैंसे–भीमफेदी–कुलेखानी सडकमा राति सवारी सञ्चालनमा रोक

**हेटौंडा (प्रस)–** भारी वर्षाका कारण बाढी तथा पहिरोको जोखिम बढ्न सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले कान्ति राजमार्ग र भैंसे-भीमफेदी-देउराली-कुलेखानी सडकखण्डमा रातिको समयमा सवारी सञ्चालनमा रोक लगाएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सन्तोष सुवेदीले जल तथा मौसम विज्ञान विभागको विशेष मौसमी बुलेटिनअनुसार असोज ९ गतेदेखि ११ गतेसम्म हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेकाले ती सडकमा सवारी सञ्चालनको समय निर्धारण गरिएको जानकारी दिए ।

उनका अनुसार असोज ९ गतेदेखि अर्को सूचना जारी नभएसम्म कान्ति राजमार्गमा बिहान ५ बजेदेखि बेलुका ५ बजेसम्म मात्र चौघडाबाट काठमाडौंतर्फ सवारी प्रस्थान गर्न दिइने छ ।

त्यस्तै, भैंसे-भीमफेदी-देउराली-कुलेखानी सडकखण्डमा बिहान ५ बजेदेखि बेलुका ५ बजेसम्म हेटौंडाको चौकीटोलबाट काठमाडौंतर्फ तथा फाखेलको हुमाने र सिस्नेरीको रामचन्द्रभञ्ज्याङबाट हेटौंडातर्फ सवारी प्रस्थान गर्न दिइने उनले बताए ।

### होटल मंगलम प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/१०/०१ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **होटल मंगलम प्रा.लि. (प्रा.लि.नं. २०६६८९/०७५/०७६)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०७ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर ईजाजत नं.१६५**
**का.म.न.पा -२९, काठमाण्डौ, मो.नं. ९८१३२४४६५५**

नेपाल सरकारको सहकारी ऐन २०४८ बमोजिम स्थापित
### आयाम बचत तथा ऋण सहकारी संस्था लि.
ललितपुर-१४, तालिछखेल

### १४औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा

*प्रकाशित मिति : २०८३/०६/०८ गते*

**श्री सम्पूर्ण सेयर सदस्यज्यूहरू,**
**आयाम बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**तालिछखेल-१४, ललितपुर**

उपरोक्त सम्बन्धमा यस संस्थाको सञ्चालक समितिको २०८३ साल भाद्र ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस आयाम बचत तथा ऋण सहकारी संस्था लि.को **१४औं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा प्रस्तुत विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि साधारण सभाको कार्यक्रम सञ्चालन गरिने भएकाले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**कार्यक्रम हुने मिति, स्थान र समय :**
मिति : २०८३ आश्विन १० गते शनिबार
स्थान : डिलाईट पाटी भेन्यु, महालक्ष्मीस्थान
समय : दिउँसो २:०० बजे

**साधारण सभाको छलफलका विषयहरू:**
(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. ०८३/०८४ को लागि प्रस्तावित नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।
(२) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षज्युले प्रस्तुत गर्नुहुने आ.व.०८२/०८३ को वार्षिक आर्थिक प्रगति प्रतिवेदन र आ.व.०८३/०८४ को लागि प्रस्तावित बजेट पारित गर्ने सम्बन्धमा ।
(३) लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट समितिको संयोजकज्युले प्रस्तुत गर्नुहुने आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
(४) आ.व. ०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
(५) आ.व. ०८३/०८४ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(६) आ.व. ०८२/०८३ मा बसेको सञ्चालक सिमिति तथा उप-समितिहरूको बैठकको निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा
(७) धितो लिलामी गैर बैकिङ्ग सम्पति प्राप्त र विक्री गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा
(८) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
(९) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधिहरू तोक्ने सम्बन्धमा ।
(१०) विविध

*नोट : १. सदस्यहरूको लागि खानाको व्यवस्था गरिएको छ ।*
२. निर्वाचन सम्बन्धी विस्तृत विवरण र कार्यतालिका संस्थाको सूचनापाटीमा टाँस गरिएको छ ।

**सजिन नेपाल**
**सचिव**

### हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

***प्रकाशित मिति २०८३/०६/०८ गते***

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१०/१५ मा दर्ता कायम भएको **क्रन्ची चिकेन एण्ड पिज्जा हाउस प्रा.लि.** (प्रा.लि.नं.२५४१८८/२०७७/०७८) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०७ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०६/०८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन गरी जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ३३ को ६३४.६४ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**वनकाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-४, मकवानपुर**

## इष्टर्न हाइड्रोपावर लिमिटेड
**ललितपुर महानगरपालिका- १०, ललितपुर**

### दशौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३।०६।०८)**

यस कम्पनीको मिति २०८३ आश्विन ५ गते सोमवार दिनको १:०० वजे बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको दशौं (आ.व. २०८२।८३) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै सभामा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दशौं बार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
मिति :- २०८३ आश्विन २९ गते बिहिवार (तदनुसार १५ अक्टोवर, २०२६)
समय :- विहान ११ वजे
स्थान :- होटल हार्दिक, वागवजार, काठमाण्डौं ।

**दशौं बार्षिक साधारण सभाका छलफलका प्रस्तावहरु :**
**(१) सामान्य प्रस्तावहरु :-**
क) कम्पनीको तर्फवाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८२/८३ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
ख) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
ग) कम्पनीको आ.व. २०८३/८४ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
**(२) विशेष प्रस्तावहरु**
क) कम्पनीको १:०.८७१ बरावरको हकप्रद शेयर (Right share) निष्काशन सम्बन्धी ।
ख) कम्पनीको रष्जिट्र्ड कार्यालय रहेको ठेगाना परिवर्तन हुनेहुँदा प्रवन्धपत्र र नियमावली संशोधन सम्बन्धी ।
**(३) विविध ।**

**साधारण सभा सम्बन्धी थप जानकारी:**
१.बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३।०६।२१ गते एक दिन शेयर दर्ता किताव बन्द (Book Close) रहनेछ ।
२.साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा २ दिन अगावै अर्थात मिति २०८३/०६/२६ गते दिनको ५ बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्ने वा कम्पनीको इमेल pikhuwakhola5@gmail.com मा पठाइसक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।
३.कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुँनेछ ।
४.सभा हुने दिन सभामा उपस्थीतीका लागि हाजिर पुस्तिका विहान १०:०० वजे देखी खुल्ला रहने छ । सभामा भाग लिन शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र तथा हितग्राही खाता (Demat Account) मा शेयर अभौतिकिकरण गरिएको विवरण लिएर आउनुपर्नेछ ।
५.साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा टेलिफोन नं ०१-५४५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**संचालक समितिको आज्ञाले**
कम्पनी सचिव

## कतार/साउदी/युएइमा रोजगार

कम्पनी : DOHA OASIS REAL ESTATE INVESTMENT
पूर्व स्वीकृति मिति : २०८२/११/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 339679 | चलानी नं. ६०२५३१७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 4 | 0 | 1600 | ६७,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Service Agents | 4 | 3 | 1600 | ६७,१९५ | | | | | | | |
| 3. | Waiters | 4 | 0 | 1600 | ६७,१९५ | | | | | | | |
| 4. | Waiters (Female) | 0 | 4 | 1600 | ६७,१९५ | | | | | | | |

कम्पनी : YOUSEF ALI AL-HASSOUN GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 348372 | चलानी नं. ६०२६१५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading | 1 | 0 | 1300 | ५२,९९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SARYUGAN TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348263 | चलानी नं. ६०२६१४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Tile Layer | 1 | 0 | 1200 | ५०,०२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 1 | 0 | 1500 | ६२,५२७ | | | | | | | |
| 3. | Building Plumber | 1 | 0 | 1500 | ६२,५२७ | | | | | | | |
| 4. | Construction Carpenter | 1 | 0 | 1500 | ६२,५२७ | | | | | | | |
| 5. | Stone Factory Worker | 1 | 0 | 1000 | ४१,६८५ | | | | | | | |
| 6. | Stone Mason | 1 | 0 | 1500 | ६२,५२७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असेज १५ गते (1st Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कतारमा रोजगार

कम्पनी : RARA FOR TRADING AND ELECTRICAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 338187 | चलानी नं. ६०२५१६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver All Vehicles | 4 | 0 | 2000 | ८४,०९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 4 | 0 | 2500 | १,०५,१२१ | | | | | | | |
| 3. | Office Cleaner | 3 | 0 | 1000 | ४२,०४८ | | | | | | | |
| 4. | Painter Buildings | 2 | 0 | 1200 | ५०,४५८ | | | | | | | |
| 5. | Plumber General | 2 | 0 | 1200 | ५०,४५८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.** (Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np

## कुवेतमा रोजगार

कम्पनी : KHARAFI GLOBAL GENERAL TRADING & CONTRACTING COMPANY/ WALEED AL KHARAFI & PARTNERS
पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 320389 | चलानी नं. ६०२३४४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 13 | 19 | 120 | ५९,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ASSISTANT COOK | 17 | 0 | 135 | ६६,८८८ | | | | | | | |
| 3 | Barista | 15 | 14 | 140 | ६९,३६६ | | | | | | | |
| 4 | COOK | 17 | 13 | 150 | ७४,३२१ | | | | | | | |
| 5 | Steward (General Clean) | 26 | 5 | 110 | ५४,५०२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७०३/०६४/०६५
**BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.**
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Conatcat No. 9851315983
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com

## साउदीमा रोजगार

कम्पनी : JAHEZ LIMITED CO
पूर्व स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 348379 | चलानी नं. ६०२६१५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver Truck | 4 | 0 | 1800 | ७३,३७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULRAHMAN HAMOUD SULEIMAN AL-DHUWAIHI TRANSPORTION ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 348380 | चलानी नं. ६०२६१५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | 1800 | ७३,३७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १९०/०५७/०५८
**Nasser International Placement Services Pvt. Ltd.**
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

## युएइमा रोजगार

कम्पनी : CHINA RAILWAY CONSTRUCTION CORPORATION LIMITED - DUBAI BRANCH
पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 330474 | चलानी नं. ६०२४४२९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 98 | 0 | 1000 | ४१,६९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०९३/०७३/०७४
**Al Haya Recruitment Pvt. Ltd.**
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : OLIVE SALON FOR LADIES BEAUTY CO.
पूर्व स्वीकृति मिति : २०८२/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 338855 | चलानी नं. ६०२५२४१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 2 | 120 | ५९,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Light | 2 | 0 | 150 | ७४,३२१ | | | | | | | |
| 3 | Hair Dress/hair Stylist | 0 | 2 | 150 | ७४,३२१ | | | | | | | |
| 4 | Manicure & Pedicure Beautician | 0 | 3 | 150 | ७४,३२१ | | | | | | | |
| 5 | Nail Technicial(Manicurist/pedicurist) | 0 | 3 | 150 | ७४,३२१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# कागजमा होइन, मैदानमा देखिनुपर्छ पूर्वतयारी

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले असोज ९ देखि ११ गतेसम्म देशका धेरैजसो भूभागमा भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमान गर्दै विशेष मौसम बुलेटिन जारी गरेको छ । मनसुनको पछिल्लो रेखा र गहिरो न्यून चापीय प्रणालीको प्रभावका कारण गण्डकी, लुम्बिनी, बागमती, कोशी, मधेस तथा सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानहरूमा बाढी, पहिरो, सहरी डुबान र गेग्रान बहावको उच्च जोखिम देखिएको छ ।

मौसमविद्हरूकै विश्लेषणअनुसार यो सामान्य वर्षाको निरन्तरता मात्र होइन, बरु जनजीवन अस्तव्यस्त पार्नसक्ने र ठूलो भौतिक तथा मानवीय क्षति निम्त्याउन सक्ने सम्भावित जोखिमको घण्टी हो । मौसम पूर्वानुमान महाशाखाले समयमै खतराको संकेत दिइसकेको अवस्थामा अबको प्राथमिक दायित्व सरकार, सुरक्षा निकाय, स्थानीय तह र आमनागरिकको हो । पूर्वसूचना पाउनु एउटा पाटो हो भने त्यसका आधारमा मैदानमा कत्तिको प्रभावकारी पूर्वतयारी गरिन्छ भन्ने कुराले नै जनधनको रक्षा तय गर्दछ ।

नेपालमा विगतका वर्षहरूमा आएका बाढी र पहिरोका घटनाक्रमलाई वस्तुनिष्ठ भएर समीक्षा गर्ने हो भने पूर्वतयारी कागजी प्रक्रिया र बैठकहरूमा मात्र सीमित हुँदा मानवीय क्षति बढेको तीतो यथार्थ हाम्रासामु छ । भारी वर्षाका कारण पूर्वसूचना जारी भए पनि खोला आसपासका बासिन्दालाई समयमै सुरक्षित स्थानमा सार्न नसक्नु, पहिरोले सडक अवरुद्ध हुँदा घण्टौंसम्म यात्रुहरू बिचल्लीमा पर्नु र बाढीमा परेका मानिसहरूको उद्धारका लागि उपयुक्त समयमा जनशक्ति वा साधन नपुग्नुजस्ता कमजोरीहरू दोहोरिँदै आएका छन् ।

यसपटक मौसम विभागले केही क्षेत्रमा 'रेड अलर्ट' जारी गरिसकेपछि तीनवटै सुरक्षा निकायहरूलाई 'हाई अलर्ट'मा राख्नु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले घण्टाघण्टामा विवरण अद्यावधिक गर्ने प्रतिबद्धता जनाउनु र शिक्षा तथा स्वास्थ्य मन्त्रालयले सम्भावित जोखिम रोकथामका लागि निर्देशन दिनु सकारात्मक र स्वागतयोग्य कदम हुन् । तर, यी निर्णयहरू सिंहदरबार र विभागका कोठामामात्र सीमित नभई स्थानीय तह र जोखिमयुक्त बस्तीको ढोकासम्म पुग्न अत्यावश्यक छ ।

खासगरी तराईका डुबानग्रस्त क्षेत्र, पहाडी भूगोलका पहिरो जोखिमयुक्त बस्ती र मुख्य राजमार्गहरूमा विशेष ध्यान दिनु अहिलेको मुख्य आवश्यकता हो । बाढीपहिरोका कारण काठमाडौं जोड्ने प्रमुख राजमार्गहरूसहित देशभरका सडक अवरुद्ध हुने र सवारीसाधन दुर्घटनामा पर्ने जोखिम अत्यधिक रहन्छ । यसर्थ, विपद्को समयमा अत्यावश्यकबाहेकका लामो दूरीका वा रात्रिकालीन यात्रा स्थगित गर्न नागरिकलाई सूचित गर्नु मात्र पर्याप्त छैन, सडक अवरुद्ध भइहालेमा तत्काल बाटो खुलाउन सक्नेगरी हेभी इक्विपमेन्ट र उद्धार टोली रणनीतिक बिन्दुहरूमा तैनाथ गरिनुपर्छ । यस्तै, वर्षाको उच्च जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले विद्यालय बन्द गर्ने, परीक्षाहरू स्थगित गर्ने र सुरक्षित भवनहरूलाई अस्थायी आश्रयस्थलको रूपमा व्यवस्थापन गर्ने निर्णयमा कुनै ढिलासुस्ती वा प्रशासनिक जटिलता देखाउनु हुँदैन ।

प्राकृतिक विपद्लाई पूर्णरूपमा रोक्न नसकिएता पनि सही पूर्वतयारी, द्रुत सञ्चार र प्रभावकारी अन्तरनिकाय समन्वयद्वारा यसबाट हुने क्षतिलाई न्यूनतम बिन्दुमा झार्न पक्कै सकिन्छ । सरकारले सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाली सेनाका टोलीहरूलाई खोज तथा उद्धारका लागि डुंगा, ड्रोन, गोताखोरसहित तयार राखिएको जनाएको छ, जसलाई आवश्यकता पर्ने बित्तिकै परिचालन गर्न सक्ने चुस्त व्यवस्था हुनुपर्छ । उता आमनागरिकले पनि सरकार र मौसम महाशाखाको आग्रहलाई गम्भीरतापूर्वक लिँदै जोखिमयुक्त क्षेत्रमा बसोबास गर्नेहरू सजग रहने, नदी तथा खोला किनारमा नजाने र प्रतिकूल मौसममा यात्रा नगर्ने अनुशासन पालना गर्नुपर्छ ।

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# विश्वमञ्चमा प्रधानमन्त्री शाहः अवसर र जनअपेक्षा



❑ शरच्चन्द्र भण्डारी

> प्रधानमन्त्री शाहको पहिलो राष्ट्रसंघीय महासभा सहभागिता यस अर्थमा एउटा औपचारिक कूटनीतिक भ्रमणभन्दा बेग्लै अवसर हो । बदलिएको राजनीतिक परिस्थितिमा नयाँ सरकारका प्राथमिकता प्रस्तुत गर्ने, नेपालको विकास आवश्यकता विश्व समुदायसमक्ष राख्ने, भोटेकोशी बाढीपछिको पुनर्निर्माणका लागि सहयोग खोज्ने र जलवायु न्यायको सवाललाई अन्तर्राष्ट्रिय बहसमा थप सशक्त बनाउने अवसरका रूपमा यसलाई उपयोग गर्न सकिन्छ ।

नितान्त नयाँ परिस्थिति र परिवेशमा देशको नेतृत्व सम्हालेका प्रधानमन्त्री वालेन्द्र शाह पहिलोपटक संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी हुँदै छन् । नयाँ सरकार गठनसँगै नेपालले विश्वमञ्चमा आफ्नो बदलिएको राजनीतिक अवस्थामात्र होइन, विकासको गति बढाउने, गरिबी हटाउने, सामाजिक तथा आर्थिक असमानता घटाउने, महिला-पुरुष समानता र समावेशी विकास सुनिश्चित गर्ने तथा नागरिकको जीवनस्तर सुधार्ने राष्ट्रिय प्राथमिकता पनि प्रस्तुत गर्ने अवसर पाएको छ । यससँगै भोटेकोशी बाढीबाट भएको जनधन तथा भौतिक सम्पत्तिको अकल्पनीय क्षति, जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको बढ्दो जोखिम र जलवायु न्यायका लागि नेपालको सरोकारलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष तथ्यपूर्ण र सशक्तरूपमा आफ्ना मत प्रस्तुत गर्न पाएको छ ।

जेन-जी आन्दोलनपछि बदलिएको राजनीतिक परिवेश र त्यसबाट उत्पन्न जनअपेक्षाबीच गठन भएको नयाँ सरकारका लागि संयुक्त राष्ट्रसंघको महासभा आफ्ना प्राथमिकता विश्व समुदायसमक्ष राख्ने महत्त्वपूर्ण मञ्च बनेको छ । प्रधानमन्त्री शाहले महासभालाई सम्बोधन गर्नाका साथै महासचिव एन्टोनियो गुटेरेससँग पनि भेटवार्ता गर्ने छन् । उनको महासभामा पहिलो सम्बोधन र महासचिवसँगको प्रत्यक्ष भेटवार्ता नेपालको वर्तमान राजनीतिक अवस्था, राष्ट्रिय प्राथमिकता र अन्तर्राष्ट्रिय सरोकारलाई विश्वमञ्चमा प्रस्तुत गर्ने महत्त्वपूर्ण अवसरका हो ।

गत वर्षको राजनीतिक परिवर्तनपछि मुलुक नयाँ चरणमा प्रवेश गरेको सन्दर्भमा जनतामा सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, प्रभावकारी सार्वजनिक सेवा र जवाफदेही शासनको अपेक्षा बढेको छ । त्यससँगै आर्थिक विकासलाई तीव्र बनाउने, रोजगारी सिर्जना गर्ने, गरिबी घटाउने, शिक्षा र स्वास्थ्यमा पहुँच विस्तार गर्ने तथा राज्यका अवसरमा समान पहुँच सुनिश्चित गर्ने चुनौती पनि उत्तिकै महत्त्वपूर्ण छन् । भौगोलिक, आर्थिक र सामाजिक विविधताबीच विकासको लाभ सबै नागरिकसम्म पुर्‍याउनु नयाँ नेपालको मूल आवश्यकता हो । प्रधानमन्त्री शाह नेतृत्वको सरकारले यसलाई नै मूल उद्देश्य बनाएको छ ।

नेपालका लागि विकासको अर्थ केवल आर्थिक वृद्धिदर बढाउनुमात्र होइन । सामाजिक न्याय, समान अवसर, लैंगिक समानता, समावेशिता र सम्मानजनक जीवनको सुनिश्चितता पनि विकासकै अभिन्न पक्ष हुन् । महिला, दलित, जनजाति, मधेसी, पिछडिएका क्षेत्र तथा आर्थिकरूपमा कमजोर समुदायलाई विकासको मूलधारमा समान अवसर दिनु राज्यको दीर्घकालीन दायित्व हो । त्यसैले नेपालले विश्वमञ्चमा आफ्नो विकासको आवश्यकता प्रस्तुत गर्दा पूर्वाधार र लगानीसँगै मानव विकास, समानता र सामाजिक न्यायका विषयलाई पनि जोड दिनुपर्ने अवस्था छ ।

नेपालले विकासका राष्ट्रिय प्राथमिकता अघि बढाउन अन्तर्राष्ट्रिय सहकार्यको आवश्यकता महसुस गर्दै आएको छ । विकासका लागि पुँजी, प्रविधि, सीप, ज्ञान र बजारको पहुँच आवश्यक छ । नेपालजस्तो विकासशील र भूपरिवेष्ठित मुलुकका लागि अन्तर्राष्ट्रिय साझेदारीको महत्त्व अझ बढी हुन्छ । दिगो विकासका लक्ष्य हासिल गर्न, रोजगारीका अवसर सिर्जना गर्न, पूर्वाधार विस्तार गर्न र गरिबी न्यूनीकरणलाई गति दिन अन्तर्राष्ट्रिय समुदायसँगको सहकार्य महत्त्वपूर्ण आधार बन्न सक्छ ।

यही विकास यात्रामा जलवायु परिवर्तनले थप चुनौती थपेको छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि जलवायु परिवर्तनका असर नेपालले गम्भीर रूपमा भोगिरहेको छ । हिमाली क्षेत्रको तापक्रम वृद्धि, हिमताल तथा हिमनदीमा भइरहेको परिवर्तन, अनियमित वर्षा, बाढी, पहिरो र अन्य जलवायुजन्य विपद्ले जनजीवन र विकासका पूर्वाधारमा प्रत्यक्ष असर पुर्‍याइरहेका छन् । पछिल्लो भोटेकोशी बाढी त्यसको एउटा गम्भीर उदाहरण बनेको छ ।

भोटेकोशी बाढीले जनधनको व्यापक क्षति गर्नुका साथै घर, सडक, पुल, जलविद्युत् आयोजना र अन्य महत्त्वपूर्ण पूर्वाधारमा अकल्पनीय क्षति पुर्‍याएको छ । विपद्पछि उद्धार, राहत र खोजी कार्यसँगै प्रभावित नागरिकको पुनःस्थापना र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण अबको चुनौती बनेको छ । यस घटनाले नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष जलवायु परिवर्तनका कारण सिर्जित जोखिम र त्यसको सामना गर्न आवश्यक स्रोत तथा प्रविधिको विषय थप स्पष्टरूपमा राख्नुपर्ने आवश्यकता पनि देखाएको छ ।

जलवायु परिवर्तनमा नेपालको योगदान न्यून हुनु र त्यसको असर भने तुलनात्मकरूपमा गम्भीररूपमा भोग्नु नै नेपालको जलवायु न्यायसम्बन्धी सरोकारको मुख्य आधार हो । नेपालले जलवायु न्यायको कुरा गर्दा जिम्मेवारी, क्षमता र प्रभावबीचको असमानतालाई अन्तर्राष्ट्रिय बहसमा राख्दै आएको छ । जलवायु अनुकूलन, हानि तथा नोक्सानी, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिमा विकासशील तथा जोखिममा रहेका मुलुकका आवश्यकतालाई सम्बोधन गर्नुपर्ने नेपालको धारणा रहँदै आएको छ ।

यस वर्षको राष्ट्रसंघीय महासभा नेपालका लागि जलवायु कूटनीतिक दृष्टिले पनि महत्त्वपूर्ण छ । यसबारेमा प्रधानमन्त्री शाहले सशक्तरूपमा आफ्ना धारणा प्रस्तुत गर्ने छन्- विश्व समुदायको ध्यानाकर्षण गर्न । यद्यपि महासभामा यसबारेमा बहस हुँदैन । आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्ताल्यामा राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन कोप-३१ आयोजना हुँदै छ । त्यसैले न्युयोर्कमा नेपालको जलवायु सरोकार प्रस्तुत गर्नु अन्ताल्यामा हुने जलवायु सम्मेलनका लागि पनि पृष्ठभूमि तयार गर्ने अवसर हो । यो अवसरको भरपूर उपयोग प्रधानमन्त्री शाहले गर्नेमा समस्त नेपाली विश्वस्त छन् ।

कोप-३१ मा नेपालले जलवायु न्यायको विषयलाई अझ स्पष्ट र सशक्तरूपमा अघि बढाउनुपर्ने छ । महासभामा नेपालले अहिले भोगिरहेको जलवायुजन्य क्षति, हिमाली क्षेत्रमा बढ्दो जोखिम, विपद्पछिको पुनर्निर्माण र जलवायु वित्तको आवश्यकता अन्तर्राष्ट्रिय समुदायसमक्ष राख्नसके त्यसले आगामी जलवायु वार्तामा नेपालको अडानलाई आधार दिने छ । न्युयोर्कबाट अन्ताल्यासम्म नेपालको मुख्य सन्देश स्पष्ट हुनुपर्ने छ- जलवायु परिवर्तनमा न्यून योगदान गर्ने तर त्यसको असमान असर भोग्ने मुलुकका रूपमा नेपाललाई न्यायोचित अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ ।

प्रधानमन्त्री शाहको महासभामा सम्बोधनको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्री शिशिर खनालले न्युयोर्कमा गरेको सक्रिय कूटनीतिक संलग्नताले नेपालको सरोकारलाई अर्को तहमा पुर्‍याएको छ । परराष्ट्र मन्त्रालयका अनुसार उनले अति कम विकसित मुलुक, भूपरिवेष्ठित विकासोन्मुख मुलुक, असंलग्न मुलुक तथा जी-७७ र चीनलगायतका मन्त्रीस्तरीय बैठकमा सहभागी हुने कार्यक्रम छ । साथै उनले विभिन्न मुलुकका आफ्ना समकक्षी तथा अन्य उच्च पदाधिकारीसँग द्विपक्षीय भेटवार्ता गरिरहेका छन् । न्युयोर्कमै जापानी विदेशमन्त्रीसँग भएको भेटवार्तामा भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नेपालप्रति जापानको सहयोग र सहकार्यका विषयमा छलफल भएको छ । यसअघि नै परराष्ट्रमन्त्री खनालले भोटेकोशी बाढीबारे कूटनीतिक प्रतिनिधि र अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिलाई जानकारी गराउँदै नेपाललाई खोज, उद्धार, राहत र पुनर्निर्माणमा अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको स्पष्ट पारेका थिए ।

परराष्ट्रमन्त्रीको सक्रियताले प्रधानमन्त्री शाहको महासभा सम्बोधनलाई कूटनीतिक तहबाट थप बल पुर्‍याउने आधार तयार गर्छ । प्रधानमन्त्रीले विश्वमञ्चबाट नेपालको समग्र राष्ट्रिय दृष्टिकोण प्रस्तुत गर्ने छ भने परराष्ट्रमन्त्रीले विभिन्न द्विपक्षीय तथा बहुपक्षीय सम्पर्कमार्फत ती राष्ट्रिय सरोकारलाई सम्बन्धित मुलुक र साझेदारसमक्ष पुर्‍याउने काम गरिरहेका छन् । यसरी एउटै राष्ट्रिय उद्देश्यलाई फरक तहबाट अघि बढाउने अवसर नेपालले यसपटकको महासभाबाट पाएको छ ।

नेपालका लागि महासभामा सहभागिताको महत्त्व आफ्ना कुरा राख्नुमामात्र सीमित छैन । ती कुरा अन्तर्राष्ट्रिय समुदायले बुझ्ने, आवश्यक सहयोग र सहकार्यका लागि आधार तयार हुने तथा नेपालका राष्ट्रिय प्राथमिकता अन्तर्राष्ट्रिय साझेदारीसँग जोडिने वातावरण निर्माण गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । विपद्पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, पूर्वाधार विकास र मानव विकासका क्षेत्रमा नेपाललाई दीर्घकालीन साझेदारी आवश्यक छ ।

वर्तमान विश्व बहुआयामिक चुनौतीबीच अघि बढिरहेको छ । विभिन्न क्षेत्रमा द्वन्द्व, भूराजनीतिक तनाव, आर्थिक अनिश्चितता र जलवायु संकटले अन्तर्राष्ट्रिय सहकार्यलाई कठिन बनाइरहेका छन् तर यिनै समस्याका कारण बहुपक्षीय सहकार्यको आवश्यकता अझ बढेको छ । नेपालजस्ता मुलुकका लागि संयुक्त राष्ट्रसंघको महासभा आफ्नो राष्ट्रिय आवश्यकता र विश्वव्यापी चुनौतीबीच सम्बन्ध स्थापित गर्ने महत्त्वपूर्ण मञ्च हो ।

नेपालले विगतदेखि नै शान्ति, सहअस्तित्व, सार्वभौमिक समानता, अन्तर्राष्ट्रिय कानुनको सम्मान र बहुपक्षीय सहकार्यका पक्षमा आफ्नो धारणा राख्दै आएको छ । बदलिएको वर्तमान राजनीतिक परिस्थितिमा पनि यी आधारभूत मान्यतासँगै आफ्ना तत्कालीन र दीर्घकालीन राष्ट्रिय प्राथमिकतालाई विश्वमञ्चमा प्रस्तुत गर्न सकिन्छ । नयाँ सरकारका लागि यो आफ्ना नीति र प्राथमिकताबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउने अवसर पनि हो ।

नयाँ नेपाल निर्माणको संकल्प अन्ततः नेपाली नागरिकको जीवनमा देखिने परिवर्तनसँग जोडिएको विषय हो । सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार, समान अवसर र सामाजिक सुरक्षा नागरिकका प्रत्यक्ष अपेक्षा हुन् । यिनलाई पूरा गर्न आन्तरिक प्रयाससँगै अन्तर्राष्ट्रिय सहकार्य पनि आवश्यक छ । त्यसैले विश्वमञ्चमा नेपालले राख्ने आवाज राष्ट्रिय आवश्यकता र जनअपेक्षासँग जोडिएको हुनुपर्छ ।

प्रधानमन्त्री शाहको पहिलो राष्ट्रसंघीय महासभा सहभागिता यस अर्थमा एउटा औपचारिक कूटनीतिक भ्रमणभन्दा बेग्लै अवसर हो । बदलिएको राजनीतिक परिस्थितिमा नयाँ सरकारका प्राथमिकता प्रस्तुत गर्ने, नेपालको विकास आवश्यकता विश्व समुदायसमक्ष राख्ने, भोटेकोशी बाढीपछिको पुनर्निर्माणका लागि सहयोग खोज्ने र जलवायु न्यायको सवाललाई अन्तर्राष्ट्रिय बहसमा थप सशक्त बनाउने अवसरका रूपमा यसलाई उपयोग गर्न सकिन्छ ।

न्युयोर्कमा उठ्ने नेपालको आवाजलाई आगामी अन्ताल्या कोप-३१ सम्म निरन्तरता दिनु अझ महत्त्वपूर्ण हुने छ । महासभामा प्रस्तुत हुने नेपालको जलवायु सरोकार, परराष्ट्रमन्त्री खनालको कूटनीतिक सक्रियता र आगामी जलवायु सम्मेलनमा नेपालको अडानबीच निरन्तरता कायम गर्न सके जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित समुदायका आवाजलाई अन्तर्राष्ट्रिय तहमा अझ स्पष्ट रूपमा पुर्‍याउन सकिने छ । नयाँ नेपालको निर्माणको राष्ट्रिय संकल्पलाई विकास, समानता, सामाजिक न्याय र जलवायु न्यायसँग जोड्दै विश्वमञ्चमा प्रस्तुत गर्ने यही अवसरलाई नेपालले दीर्घकालीन राष्ट्रिय हितसँग गाँस्न सक्नुपर्छ । *रासस*

पाठक मञ्च

## सामाजिक सञ्जालमा मौलाउँदो विकृति र जनप्रतिनिधिको मर्यादा

राजनीतिक विचार, असहमति र आलोचना लोकतन्त्रका जीवन्त गहना हुन् । तर, आलोचनाको आडमा व्यक्तिको वैयक्तिक पीडामाथि प्रहार गर्ने, बलात्कार र ज्यान मार्ने धम्की दिने तथा चरित्रहत्या गर्ने कार्य कुनै पनि सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन ।

जेन-जी विद्रोहमा आफ्ना छोरा गुमाएकी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद रचना खतिवडामाथि 'छोराको लाससँग सांसद पद साटेको' जस्तो निकृष्ट र अमानवीय लाञ्छना लगाइनु नेपाली समाजको नैतिक पतनको पराकाष्ठा हो । आफ्ना सन्तान गुमाउनुको असीम पीडामा रहेकी आमामाथि यस्तो अमानवीय टिप्पणी हुनु राजनीतिक असहमतिमात्र होइन, यो विशुद्ध मानसिक हिंसा हो । त्यस्तै, एमाले सांसदहरू एशुदाकुमारी बराल र साजिदा खातुन सिद्धिकीले संसद्मै आफूहरूमाथि बलात्कार र ज्यान मार्ने धम्की आएको सार्वजनिक गर्दा पनि राज्य संयन्त्र मौन बस्नु झनै चिन्ताजनक छ ।

जब देशको व्यवस्थापिकाका सदस्यहरू नै 'साइबर बुलिङ', घृणाजन्य अभिव्यक्ति र असुरक्षाको सिकार बन्नुपर्छ भने आमनागरिकको अवस्था के होला ? सामाजिक सञ्जालको दुरूपयोग गरी घण्टी, सूर्य, रुख वा अन्य जुनसुकै दल वा चुनाव चिह्नको आवरणमा पछाडि बसेर गालीगलौज गर्ने 'डिजिटल भीड'ले विधिको शासनलाई नै चुनौती दिइरहेको छ । कसैलाई विचार मन नपर्दैमा वा राजनीतिक भिन्नता हुँदैमा आपराधिक धम्की दिने छुट कसैलाई छैन ।

नेपालमा विद्युतीय कारोबार ऐनलगायतका कानुनहरू विद्यमान भए पनि साइबर अपराध नियन्त्रण र अपराधीलाई कारबाही गर्ने प्रक्रिया अत्यन्त सुस्त छ । राजनीतिक दलहरूले पनि आफ्ना कार्यकर्ता र समर्थकलाई संयमित बनाउनुको साटो उनीहरूका यस्ता हर्कतलाई मौन समर्थन गर्नु वा बेवास्ता गर्नु गलत हो । अपराधशास्त्रीहरूले भनेझैँ यो समाजमा बढ्दै गएको गम्भीर आपराधिक मानसिकताको उपज हो, जसलाई समयमै सम्बोधन गरिएन भने यसले हाम्रो सामाजिक सद्भाव र लोकतान्त्रिक संस्कृतिलाई नै ध्वस्त पार्ने छ ।

तसर्थ, सरकारले यस्ता साइबर बुलिङ र ज्यान मार्ने धम्की दिने तत्वहरूलाई तत्काल खोजी गरी कडा कानुनी कारबाही गर्नुपर्छ । दलहरूले पनि आफ्ना समर्थक र कार्यकर्तालाई डिजिटल मर्यादा र शिष्टाचार सिकाउन आवश्यक छ । राजनीतिक बहस विचार र नीतिको हुनुपर्छ, न कि व्यक्तिको चरित्रहत्या र गालीगलौजको ।

**- कल्पना दाहाल**
गोकर्णेश्वर, काठमाडौं

# अर्को वर्ष भेटौंला मनास्लु !

■ प्रतीक्षा आले



**गोरखा–** सातोरी एडभेञ्चर प्रालिका फुर्ते शेर्पा लेख्छन्, 'हिमाल जहिले पनि त्यहीँ रहिरहने छ, तर जीवन सबैभन्दा पहिले आउँछ । खराब मौसमका कारण सुरक्षित रहने निर्णय स्पष्ट भएपछि सातोरी एड्भेञ्चर्स प्रालिको टोली सकुशल घरतर्फ फर्किंदै छ । अझै पनि हिमालमा रहनुभएका हाम्रा सम्पूर्ण साथीहरू, बलियो बन्नुहोस्, सुरक्षित रहनुहोस्, आफ्नो निर्णयमा विश्वास राख्नुहोस् र सकुशल घर फर्कनुहोस् । कुनै पनि शिखरको आरोहण जीवनलाई जोखिममा पार्न लायक हुँदैन । अर्को वर्ष भेटौंला, मनास्लु ।'

मनास्लुमा रहेको समिट फोर्स टोलीका माइल्स शेर्पा लेख्छन्, 'तीव्र हावा र निरन्तरको हिमपातले पर्वतारोहीलाई शिखरमा पुग्ने योजना पुनरवलोकन गर्न र क्याम्प १ र २ बाट आधार शिविरमा फर्कन बाध्य बनाएको छ ।' आउँदै गरेको ढिलो मनसुनी आँधी प्रणालीले पहिले नै हिमपहिरोको जोखिममा रहेको हिमालमा थप हिउँ थुपार्ने शेर्पाको भनाइ छ ।

'महिनौंको तयारीपछि बल्लतल्ल पुगेको शिखरबाट फर्कन यसै सहज हुँदैन, तर हिमाल सधैँ यहीँ रहिरहने छ । मनास्लु सधैँ यहीँ छ । आउँदो वर्ष पुनः फर्कनुहोला । हामीलाई आफ्नो टोलीप्रति गर्व छ, उहाँहरू कति माथिसम्म पुग्नुभयो भन्नेमामात्र होइन, परिस्थिति अनुकूल नहुँदा सही निर्णय लिने आँट देखाउनुभएकोमा पनि । सबैभन्दा ठूलो सफलता सधैँ शिखरमा पुग्नुमात्र होइन । कहिलेकाहीँ, सुरक्षितरूपमा घर फर्कनु नै सबैभन्दा ठूलो उपलब्धि हो,' भन्दै उस्तै सभ्य र सालिन भाषा प्रयोग गर्दै हिमालय समिट क्लबले आफ्ना आरोहीलाई पनि घर फर्काएको छ ।

समिट क्लबले भनेको छ, 'विनम्रता, धैर्यता र प्रकृतिप्रतिको सम्मानको अर्को पाठ सिकाएकोमा धन्यवाद, मनास्लु ! अनि यस मनास्लु यात्रामा हामीसँग जोडिनुभएकोमा र आफ्नो विश्वास तथा सहयोगका लागि विश्वभरका हाम्रा सम्पूर्ण आदरणीय अतिथिप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं । सन् २०२७ मा फेरि भेटौंला ।'

सन् २०२६ को लागि शरदकालीन मनास्लु आरोहण सिजन कसैले पनि आरोहण नै नगरी औपचारिकरूपमा टुंगिएको छ । बंगालको खाडीबाट नेपालतर्फ आउँदै गरेको गहिरो न्यून चापीय प्रणालीको प्रभाव विश्वको आठौं अग्लो हिमाल मनास्लुमा पनि देखिएको हो । जसका कारण हिमालमुनि रहेका सयौं पर्वतारोही र गाइडलाई असर परेको छ । दुई सातादेखि लगातार मौसमले साथ नदिएपछि आफूहरू मनास्लु आरोहण नगरी धमाधम फर्किएको आरोही नाङ्स्याल छोदेनले बताए ।

मनास्लुको क्याप ३ सम्म पुगेका आरोही चुचुरोमा नपुगी फर्किनुपरेको उनले जानकारी दिए । 'यसपालि मौसमले साथ नदिएपछि सबैजना फर्किनुपर्‍यो, जीवन रहचो भने हिमालले त पर्खन सक्छ,' उनले भने, 'अहिले त बेसक्याप पनि रित्तिसक्यो । हामी केही आरोही र शेर्पाको टोलीहरू बेसक्यापमा टेण्ट निकाल्दै छौं । हामी पनि अब सामागाउँ झर्ने तयारीमा छौं ।'

यो सिजनमा रोप फिक्सिङ (डोरी बाँध्ने) कार्यदलका केही सदस्यबाहेक अन्यले मनास्लु आरोहण गर्न नपाएको छोदेनको भनाइ छ । उनका अनुसार मनास्लुको क्याम्प ३ सम्म पुगेका आरोही मंगलबार बेसक्याप झरेका र बुधबार बिहानदेखि सामागाउँ फर्कन थालेका हुन् । केही कम्पनीका आरोही अक्टोबरमा आरोहण गर्ने तयारीमा रहेका र अधिकांश आरोही काठमाडौं फर्कन लागेका आरोही नाङ्स्याल छोदेनले बताएका छन् ।

मनास्लु आरोहणको तयारीमा रहेका अमेरिकी आरोही चार्ली एंगलले भनेका छन्, 'आज धेरै मानिसहरू हिमालबाट तल झर्दै छन् । केही मानिसहरू अझै पनि आफैं तल आउन सकेका छैनन् । उद्धार कार्य अझै जारी छ । अनि मौसमको अवस्था हेर्दा, अबको एक हप्ता वा १० दिनसम्म पर्खनुपर्ने स्थिति आउन सक्छ जस्तो देखिन्छ । त्यसो भए हामी के गर्दै छौं त ? खासै केही छैन । हामी पर्खिरहेका छौं, मौसमलाई नियालिरहेका छौं । के भइरहेको छ भनेर बुझ्ने प्रयास गर्दै छौं र त्यसैका आधारमा निर्णय लिनेछौं ।'

यसअघि सन् २०२२ को शरद ऋतुमा प्रतिकूल मौसमका कारण सयौं आरोहीहरू मनास्लु आरोहण नगरी फर्किनुपरेको थियो । निरन्तर वर्षा र हिमपातका कारण हिमाल चढ्न अनुकूल नभएपछि यो वर्ष पनि आरोही हिमालै नचढी फर्किनुपरेको हो ।

हालका लागि मौसम प्रतिकूल भए पनि फेरि यसै याममा आरोहण गर्न सक्ने सम्भावना नरहेको बेसक्यापमा रहेका प्रबल लामाले जानकारी दिए । 'विभिन्न देशबाट आएका आरोही कसैको भिसा सिद्धिएको हुन्छ । आफूमात्र गएर भएन । सरसामान लैजानुपर्छ, गाइड, शेर्पा लैजानुपर्छ । त्यसैले अब फेरि फर्केर आरोहणमा जाने सम्भावना छैन,' लामाले भने, 'म सन् २०१२ देखि मनास्लु आउन थालेको हुँ । यो वर्षजस्तो भारी वर्षा र हिमपात कहिल्यै आएको थाहा थिएन ।'

सितिमिति पानी नै नपर्ने र परे पनि अति कम पर्ने मनास्लु आधार शिविरमा विगत दुई सातादेखि निरन्तर पानी परिरहेको सामागाउँका वीरबहादुर लामाले बताए । हाल सामागाउँ बेसक्याम्पबाट फर्किएका आरोहीहरूले होटल खचाखच भरिएको उनले जानकारी दिए । 'केही मनास्लु सर्किट हुँदै पैदल हिँडेर फर्कने तयारीमा छन् भने अधिकांश हेलीमा फर्किरहेका छन्,' लामाले भने ।

उच्च हिमाली वातावरण द्रुत गतिमा बदलिरहेको छ । हिमपात, वर्षा, हावाको बेग र हिमालको अस्थिरता, यी सबैले हिमाल आरोहणमा निर्णय लिन महत्त्वपूर्ण भूमिका खेल्छन् । यही विषयको भेउ नपाउँदा सन् २०१२ मा र ११ जना आरोहीको ज्यान गयो ।

आठ हजार १६३ मिटर अग्लो मनास्लुलाई प्राविधिकरूपमा कठिन र हिमपहिरोको उच्च जोखिमयुक्त शिखरका रूपमा लिइँदै आइएको छ । यसका आरोहण मार्गहरूले हिमखानी भरिएका भूभाग, क्याम्प १ र २ बीचको सक्रिय आइसफल तथा माथिल्लो भेग ठाडो, भिरालो पाखा एवं सेराक्स छन् । *रासस*



**बाढीले बगरमा परिणत स्याफ्रुबेंसी** | गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले बगरमा परिणत भएको रसुवाको स्याफ्रुबेंसी आसपासको क्षेत्र । *तस्विरः रासस*

# भारी वर्षाको पूर्वानुमानसँगै कैलालीमा उच्च सतर्कता

**सुदूरपश्चिम–** यही असोज ९ देखि ११ गतेसम्म सुदूरपश्चिमसहित यहाँका विभिन्न क्षेत्रमा भारी वर्षाको पूर्वानुमानअनुसार कैलालीमा बाढी, पहिरो, नदी कटान र डुबानबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि उच्च सतर्कता अपनाउने निर्णय गरिएको छ ।

जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बुधबारको बैठकले नेपाल मौसम विज्ञान विभागले उक्त अवधिमा मेघगर्जन, चटयाङ र हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको जनाएपछि त्यसअनुसार जिल्लामा सतर्कता अपनाउने निर्णय गरेको हो ।

बैठकले स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित निकाय सबै मिलेर आ-आफ्नो क्षेत्रअनुसार पूर्वतयारी र प्रतिकार्यका लागि तयारी अवस्थामा रहने निर्णय गरिएको समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले जानकारी दिए । मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनीसम्बन्धी जानकारी प्राप्त हुनासाथ सबै स्थानीय तह, सुरक्षा निकाय र जिल्लावासीलाई तत्काल जानकारी गराउने व्यवस्था मिलाउने निर्णय गरिएको उनले बताए । विशेषगरी कर्णालीको बेनिघाट जलस्तर मापन केन्द्र, मोहनालगायत प्रमुख नदी तथा खोलाको जलसतह नियमित अद्यावधिक गरी नदी किनार तथा जोखिमयुक्त बस्तीमा समयमै सूचना प्रवाह गर्ने निर्णयसमेत गरिएको छ ।

जलसतह बढेको अवस्थामा सुरक्षा निकाय, स्थानीय तह र सञ्चारमाध्यममार्फत प्रभावकारी सूचना प्रवाह गरिने र त्यसका लागि आवश्यक तयारी गर्न स्थानीय तहलाई पनि थप सक्रिए हुन आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिए ।

यस्तै, सम्भावित बाढी तथा पहिरोका कारण सडक अवरुद्ध हुनसक्ने अवस्थालाई ध्यानमा राखी सडक डिभिजन, हेभी इक्विपमेन्ट कार्यालय, स्थानीय तह र ट्राफिक प्रहरी कार्यालयलाई डोजर, स्काभेटर, लोडरलगायत उपकरण तयारी अवस्थामा राख्न निर्देशन दिने निर्णय गरिएको उनले बताए ।

बाढी, पहिरो तथा डुबानबाट प्रभावित हुने सम्भावित अवस्थाको आकलन गरी उद्धारका लागि सुरक्षा निकायलाई आवश्यक सामग्री तयारी अवस्थामा राख्न तथा रबर बोट, मोटरबोटलगायत उद्धार सामग्री आवश्यक परेको अवस्थामा तत्काल परिचालन गर्न बैठकले निर्देशन दिएको छ ।

यस्तै, भारी वर्षाबाट हुनसक्ने क्षतिको पूर्वानुमान गरी राहत तथा उद्धारलाई प्रभावकारी बनाउन सरकारी तथा गैरसरकारी निकायले मनसुन प्रतिकार्य योजना, २०८३ अनुसार आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्नेमा बैठकले जोड दिएको छ ।

कर्णाली नदीको कटानबाट जोखिममा रहेका टीकापुर नगरपालिका-५ लगायतका स्थानमा तत्काल अस्थायी रोकथामको व्यवस्था मिलाउने निर्णयसमेत गरिएको छ । त्यसका लागि टीकापुर नगरपालिका र सुरक्षा निकायबीच समन्वय गर्ने तथा जोखिमयुक्त क्षेत्रमा जैविक तटबन्धका लागि स्थानीय तह र सुरक्षा निकायले आवश्यक समन्वय गर्ने निर्णय गरिएको छ । *रासस*


**हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !**

*प्रकाशित मिति २०८३/०६/०८ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०४/१९ मा दर्ता कायम भएको **प्रनाली स्ट्रक्चरल सोलुसन्स प्रा.लि.** (प्रा.लि.नं.२९५४२९/२०७९/०८०) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०७ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पन्ध्र) दिन**भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**



**हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !**

*प्रकाशित मिति :२०८३/०६/०८ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०३/११ मा दर्ता कायम भएको **प्रेक्षा इन्टरनेशनल एजुकेशन प्रा. लि.** (प्रा.लि.नं.३३९५७४/२०८०/०८१) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०७ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**



**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना**
**प्रकाशित मितिः २०८३/०६/०८ गते**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री **Superb For Ultimate Manpower Solution Pvt.ltd** इ.प.नं. (1448/074/75) ले यस विभाग समक्ष सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं.६ स्थित शाखा कार्यालयको ठेगाना परिवर्तन गरी झापा जिल्ला दमक नगरपालिका वडा नं.५ स्थित शाखा कार्यालय र शाखा प्रमुख श्री रम्जना भण्डारीलाई नियुक्ति पाऊँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०६/०२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालय र शाखा प्रमुख परिवर्तन हुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०६९/०९/११ मा दर्ता भएको **फूड अर्थ प्राइभेट लिमिटेड (प्रा. लि. नं. १०८३९७/२०६९/०७०)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०६६/०७/०६ गते **टि.एच.ई.कम्पनी प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. ६६९३८ कम्पनीको मिति २०८३/०४/०१ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : तिर्थ राज कठायत (इजाजत पत्र.नं. ६३१)**
बबरमहल, काठमाडौं । सम्पर्कः ९८४००५३८७४



**हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !**

*प्रकाशित मिति : २०८३/०६/०८ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०३/०२ मा दर्ता कायम भएको **सिल्दो न्हाल्दो अटो मोबाएल ट्रेडिङ प्रा.लि.** (प्रा.लि.नं.१६९८५१/२०७३/०७४) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**



**हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !**

*प्रकाशित मिति : २०८३/०६/०८ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/११/१० मा दर्ता कायम भएको **वे टु क्यानाडा इमिग्रेशन कन्सल्टेन्सी (सिआइसि)** प्रा.लि.(प्रा.लि.नं.१०९११०/२०६९/०७०) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०६/०८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा आ.व.२०८२/०८३ मा श्री रिद्धिसिद्धि सिमेन्ट लिमिटेडबाट चुनढुङ्गा उत्खनन् गर्नको लागि भोगाधिकार प्राप्त वन क्षेत्रमा पहिलो चरणमा हटाइएका रूखहरु कटान मुछान गरी उत्पादन भएको काठरदाउरा समुहलाई हस्तान्तरण गरेकोमा घाटगद्दीमा लट बनाई राखिएको खस्रू समेत विभिन्न जातको गोलिया थान ७४० को ६९५६.६२ घनफिट काठ/अन्य जातको दाउरा ४९.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**हिमचुली सामुदायिक वन उपभोक्ता समूह**
**भिमफेदी-७, मकवानपुर**



**एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**(प्रकाशित मितिः २०८३।०६।०८ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र) यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (उक्त दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १,०००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः**

**१. ऋणीको नामः प्रिया ट्रेडर्स** — **कर्जा शिर्षकः** क्यास केडिट, सवारी साधन कर्जा, ट्रष्ट रिसिप्ट कर्जा, अपरिवर्त्य प्रतितपत्र, डिमाण्ड कर्जा र बैंक जमानत

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा दर्ता रहेको) दर्ता नं.: ५९०७-०७४-७५, दर्ता मितिः २०७४/०८/२४, स्थायी लेखा नं.: ६०७१६८०१७, ठेगानाः बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा., वडा नं. ७।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**संदीप प्रसाद साहः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२०७९/३१८६१(२०६८/०२/१३/बारा), बाजेको नामः रामसुर्य राम साह कलवार, बाबुको नामः रामेश्वर प्रसाद साह कलवार, ठेगानाः बारा जिल्ला, भवानीपुर जितपुर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा., वडा नं. ७।

**व्यक्तिगत जमानतकर्ताः**

**उजना गुप्ताः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३४-०१-७४-०७७८१(२०७४/०६/१८/पर्सा), बाबुको नामः राजेश कुमार गुप्ता, ससुराको नामः रामेश्वर प्रसाद साह कलवार, पतिको नामः संदीप प्रसाद साह, ठेगानाः पर्सा जिल्ला, बीरगंज म.न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा., वडा नं. ७।

**लिलाम हुने धितोको विवरणः**

रामसुर्य राम साह कलवारको नाति, रामेश्वर प्रसाद साह कलवारको छोरा, बारा जिल्ला, भवानीपुर जितपुर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा., वडा नं. ७ बस्ने **संदीप प्रसाद साह**को नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, भवानीपुर जितपुर गा.वि.स./न.पा., वडा नं./नक्सा सीट नं. ३, स्थित कि.न. १५८ र १५९ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-२१/२ बिघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः राजाराम सुवेदी** — **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १३८२१६(२०६०/४/१८/कास्की), बाजेको नामः नन्दलाल सुवेदी, बाबुको नामः नारायण प्रसाद सुवेदी, ठेगानाः कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स. वडा नं. २ भई हाल परिवर्तित कास्की जिल्ला, अन्नपुर्ण गा.पा., वडा नं. १।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. नारायण प्रसाद सुवेदीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४/२९(२०४४/११/२८/कास्की), बाजेको नामः नरपति सुवेदी, बाबुको नामः नन्दलाल सुवेदी, ठेगानाः कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स. वडा नं. २ भई हाल परिवर्तित कास्की जिल्ला, अन्नपुर्ण गा.पा., वडा नं. १।

**ख. उमा दाहालः** ना.प्र.प.नं (जारी मिति/स्थान): १६६९५६(२०६३/०१/१७/कास्की), बाबुको नामः कूलप्रसाद दाहाल, ससुराको नामः नारायण प्रसाद सुवेदी, पतिको नामः राजाराम सुवेदी, ठेगानाः कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स. वडा नं. २ भई हाल परिवर्तित कास्की जिल्ला, अन्नपुर्ण गा.पा., वडा नं. १।

**ग. धनमाया सुवेदीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १२८ ग.का.ढि.(२०४४/११/२९/कास्की), ससुराको नामः नन्दलाल सुवेदी, पतिको नामः नारायण प्रसाद सुवेदी, ठेगानाः कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स. वडा नं. २ भई हाल परिवर्तित कास्की जिल्ला, अन्नपुर्ण गा.पा., वडा नं. १।

**लिलाम हुने धितोको विवरणः**

**क.** नरपति सुवेदीको नाति, नन्दलाल सुवेदीको छोरा, कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स. वडा नं. २ भई हाल परिवर्तित कास्की जिल्ला, अन्नपुर्ण गा.पा., वडा नं. १ बस्ने **नारायण प्रसाद सुवेदी**को नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स./न.पा. वडा नं. २, नक्सा सीट नं. ०९३०७१० स्थित कि.न. २३९२ को क्षेत्रफल ३-१५-२-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** नन्दलाल सुवेदीको नाति, नारायण प्रसाद सुवेदीको छोरा, कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स. वडा नं. २ भई हाल परिवर्तित कास्की जिल्ला, अन्नपुर्ण गा.पा., वडा नं. १ बस्ने **राजाराम सुवेदी**को नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स./न.पा. वडा नं. २, नक्सा सीट नं. ०९३०६७१ स्थित कि.न. ४१९१ को क्षेत्रफल ०-५-०-२ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक




### सऱ्यो अनमोलको 'बाटुलो जुन'को प्रदर्शन मिति

अभिनेता भुवन केसीको निर्देशन रहेको फिल्म 'बाटुलो जून' भाइटिकाको भोलिपल्ट अर्थात् कात्तिक २६ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले बुधबार फिल्मको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति जानकारी दिएको हो । यसअघि फिल्मलाई दसैँमा रिलिज गर्ने भनिए पछि प्रदर्शन मिति तिहारपछि पुऱ्याइएको हो । 'यसअघि दसैंको अवसरमा प्रदर्शनमा आउने वाचा गरे पनि दसैंमा अन्य चार फिल्म पनि प्रदर्शनमा आउने र थप अर्को फिल्म पनि आउँदा पर्दाको बाँडफाँडमा समस्या आउने प्रदर्शक र वितरकको सुझावलाई मध्यनजर गर्दै हामीले नयाँ मितिमा प्रदर्शन गर्ने निधो गरेका हौं ।




बिहीबार, ०८ असोज २०८३ (Thursday, 24 September 2026)

# बलिउड अभिनेता विवेक ओबेरोयको उपस्थितिमा '२६ करोड'को घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं** – बलिउडका प्रख्यात अभिनेता विवेक ओबेरोयको उपस्थितिका बिच नेपाली चलचित्र '२६ करोड' निर्माणको औपचारिक घोषणा गरिएको छ । मंगलबार साँझ भारतको मुम्बईस्थित प्रसिद्ध पाँचतारे होटल 'ताज ल्याण्ड्स एन्ड' मा आयोजित भव्य समारोहका बीच चलचित्र निर्माणको घोषणा गरिएको हो ।

ओबेरोयको जन्मदिनको अवसरमा क्यान्सर पीडितको सहयोगार्थ क्यान्सर पेसेन्ट्स एड एसोसिएसनले आयोजना गरेको 'रोज डे' समारोहका बिच चलचित्रको घोषणा गरिएको हो ।

कार्यक्रममा चलचित्रको मुख्य अभिनेत्रीमा साहारा आर शाहलाई अनुबन्धित गरिएको छ । कार्यक्रममा निर्माता सुवास भुसाल र नव-नायिका शाहबीच औपचारिक सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । शाहले अनुपम खेरको एक्टर प्रिपेयर्स एक्टीङ्ग एकेडेमीमा अभिनय सिकेकी हुन् । अभिनेता ओबेरोयले शाहले चलचित्रमा डेब्यु गर्नु आफ्ना लागि जन्मदिनको सबैभन्दा ठुलो उपहार भएको बताए ।

अभिनेता ओबेरोयले लामो समयदेखि शाहको अभिभावकत्व सम्हाल्दै अएका छन् । शाह ३ वर्षको उमेरदेखि नै क्यान्सर रोगसँग संघर्षरत थिइन्। क्यान्सरलाई जितिसकेकी शाहलाई क्यान्सर पेसेन्ट्स एड एसोसिएसन मार्फत अभिनेता ओबेरोयले स्वास्थ्योपचार, शिक्षा र संरक्षकत्व प्रदान गर्दै अएका छन् ।

चलचित्र घोषणा समारोहलाई सम्बोधन गर्दै अभिनेता ओबेरोय निकै भावुक बनेका थिए । उनले भने - 'मैले साहारालाई क्यान्सरसँग लड्दै गरेको एउटा सानो बच्चाको रूपमा देखेको थिएँ । आज उनले क्यान्सरलाई जितेर चलचित्रको मुख्य नायिकाको रूपमा सम्झौता गरिरहँदा म शब्दमा बयान गर्न नसकिने गरी भावुक भएको छु ।'

समाजिक विषयवस्तु माथी निर्माण हुने चलचित्रमा विकास सुवेदीको लेखन तथा निर्देशन रहनेछ । निर्देशक सुवेदीले शाह अडिशनमार्फत चलचित्रमा छनौट भएको जानकारी दिए । कथा अनुसार हिन्दी लवजकी नायिका आवश्यक भएकोले पनि शाह छनौट भएको उनको भनाई छ ।

चलचित्रमा औपचारिक रूपमा आवद्ध हुनु अघि शाहले अभिनेता ओबेरोय र तारे जमिनपरका लेखक अमुल गुप्तेसँग आर्शिबाद समेत लिएकी थिइन् । कार्यक्रममा ओबेरोयले चलचित्रको सफलताको शुभकामना दिनुका साथै निर्देशक सुवेदी र निर्माता भुसाललाई विशेष धन्यवाद दिँदै साहाराको सुखद फिल्मी करियरको कामना गरेका थिए ।

यसअघि नै चलचित्रको मुख्य भूमिकामा अभिनेता प्रदीप खड्का अनुबन्धित भइसकेका छन् । नेपालका सुपरस्टार अभिनेता प्रदीपको जोडीका रूपमा नव-अभिनेत्री शाहले अभिनय गर्नेछिन् । किङडम नेटवर्कको ब्यानरमा निर्माण हुने चलचित्रको छायांकन आगामी नोभेम्बर-डिसेम्बरमा नेपालको जुम्ला र काठमाडौं तथा भारतको मुम्बई र केदारनाथका विभिन्न स्थानहरूमा गरिने निर्माता भुषालले जनाएका छन् । कर्नाली फिल्म फेष्टिवलका अवसरमा चलचित्रको छायांकन कर्णालीमा गर्ने सम्झौता भएको थियो । सोही अनुरूप फेष्टिवलका निर्देशक चक्र बहादुर चन्दको संयोजनमा मुम्बईमा चलचित्र निर्माणको घोषणा गरिएको हो ।

# १३ सहरमा सांगीतिक टुर गर्दै प्रकाश सपुत, प्रमोदसहित परम्परा र फिरन्ते



**काठमाडौं (प्रस)**– गायक 'प्रकाश सपुत र भाका नेपाल', 'प्रमोद र परम्परा ब्याण्ड' तथा 'फिरन्ते ब्याण्ड'ले एकसाथ सांगीतिक टुर गर्ने भएका छन् । 'सुरताल म्युजिकल टुर २०८३' नाम दिइएको सांगीतिक टुर देशका ७ वटै प्रदेशका १३ प्रमुख सहरहरूमा आयोजना हुने भएको हो ।

यहि असोज १० गते धनकुटाको हिलेबाट सुरु हुने यस सांगीतिक यात्रा सुरताल इभेन्ट एण्ड एम्युजमेन्ट प्रा.लि.को आयोजनामा हुन लागेको हो । जसमा दर्शकहरूले नेपाली संगीतका बहुचर्चित हस्तीहरूको लोकप्रिय तथा नयाँ गीतहरूबाट मनोरञ्जन लिन पाउनेछन् । टुरमा कलाकारहरूले दर्शकलाई परम्परागत कन्सर्ट भन्दा भिन्न र अविस्मरणीय अनुभव दिलाउने तयारी गरेका छन् । टुरमा प्रकाश सपुतका चर्चित एवं सन्देशमूलक गीतहरूसँगै प्रमोद र परम्परा ब्याण्ड तथा फिरन्ते ब्याण्डको ऊर्जावान् लाइभ प्रस्तुति रहनेछ । प्रकाश सपुत यस पटक ट्र्याकमा भन्दा पनि भाका नेपाल ब्याण्ड सहित लाइभ प्रस्तुतिमा देखिनेछन्

कार्यक्रमलाई अझ भव्य बनाउन अत्याधुनिक साउण्ड, भव्य लाइट, लाइभ इन्स्ट्रुमेन्ट तथा गीतको भावअनुसार कोरस डान्स र मञ्चीय अभिनयलाई समेत संयोजन गरिने आयोजकले जनाएको छ । दर्शकलाई सांगीतिक माहोलमा बाँधिराख्न कार्यक्रम निशा पन्थीले संचालन गर्नेछिन् ।

यो कार्यक्रम सांगीतिक मनोरञ्जन मात्र नभई कलाकारहरू सामाजिक उत्तरदायित्वमा समेत जोडिएका छन् । कार्यक्रमको खर्च कटाएर हुने सम्पुर्ण आम्दानीको २० प्रतिशत रकम बाढी तथा विपद् प्रभावित नागरिकको राहत र पुनर्स्थापनाका लागि प्रदान गरिने आयोजकले जानकारी दियो ।

यसअघि पोखराबाट सुरु हुने तयारी गरिएको टुर बाढीका कारण उत्पन्न परिस्थितीका कारण पोखरा र धरानका कार्यक्रम हाललाई स्थगित गरी हिलेबाट सुरु गर्न लागिएको सुरताल इभेन्टका अध्यक्ष प्रशान्त सुनारले बताए । उनले भने, 'यो सांगीतिक अभियान केवल मनोरञ्जनमा सीमित नभई विपद्को समयमा नागरिकसँग एकाकार हुने र नेपाली मौलिक संगीतलाई देशका कुना-काप्चासम्म पुऱ्याउने साझा संकल्प हो ।'

असोज १० मा धनकुटा (हिले)बाट भव्य उद्घाटन सहित सुरु हुने कार्य १४ गते तेह्रथुम, १७ खाँदबारी, १९बर्दिबासमा पुगेर सकिनेछ । त्यसपछि मंसिर २ गते महेन्द्रनगरबाट सुरु हुने दोस्रो चरणको कार्यक्रम ५ गते धनगढी, ८ गते नेपालगञ्ज, १२ गते सुर्खेत, १६ गते तुलसीपुर, १९ गते बुटवल र २६ गते चितवनमा आयोजना हुनेछ । त्यसपछि पोखरा र धरानसँगै कार्यक्रम सकिनेछ ।

देशका विभिन्न भूगोल र दर्शकमाझ नेपाली संगीतको मौलिक सुर र ताल पस्कन कलाकारहरूको टोली पूर्ण तयारी समेत सकिसकेको आयोजकले जनाएको छ ।



२० औं एसियाली खेलकुद

# नेपालले खोल्यो पदकको खाता

## करातेका शेर्पाले दिलाए कास्य पदक




■ प्रभाव संवाददाता

**काठमाडौं**– जापानमा जारी बीसौं एसियाली खेलकुद प्रतियोगितामा तेन्जिङ शेर्पाले नेपाललाई पहिलो पदक दिलाएका छन् । उनको यो पदक बीसौं एसियाली खेलकुदको पहिलो पदक हो । यसअघि विभिन्न स्पर्धामा प्रतिस्पर्धा गरेता पनि नेपालले पदक जित्न सकेको थिएन ।

जापानको टोयाहाशी जिम्नेसियममा बुधबार भएको कास्य पदकका भिडन्तमा नेपालका कराते खेलाडी तेन्जिङले पुरुष कुमिते ८४ केजीभन्दा माथिको तौल समूहमा नेपाललाई कास्य पदक दिलाएका हुन् । उनले लाओसका खेलाडी वाथाना जायासनलाई ९-१ ले पराजित गर्दै कास्य पदक जितेका हुन । त्यसअघि उनी सेमिफाइनल खेलमा इरानका खेलाडी महमुद नेमातीसँग ५-० ले पराजित भएका थिए ।

**महिला कबड्डीमा चाइनिज ताइपेइसँग नेपाल पराजित**

२०औं एसियन गेम्सअन्तर्गत महिला कबड्डीको आफ्नो दोस्रो खेलमा नेपाल चाइनिज ताइपेइसँग पराजित भएको छ ।

जापानको तोकाइ सिटिजन जिम्नेसियममा बुधबार दिउँसो भएको खेलमा नेपाल चाइनिज ताइपेइसँग ३७-१८ ले पराजित भएको हो । पहिलो हाफमा १३-१३ को बराबरी भएको थियो । दोस्रो हाफमा भने नेपालले निराशाजनक प्रदर्शन गर्दै खेल २४-५ ले सुम्पियो र ३७-१८ ले पराजित भयो ।

नेपालले पहिलो खेलमा थाइल्यान्डलाई पराजित गरेको थियो । चाइनिज ताइपेइले श्रीलंकालाई हराएको थियो । ८ टोली सहभागी कब•ीको एक समूहमा ४ राष्ट्र छन् । नेपाल रहेको समूहमा थाइल्यान्ड, श्रीलंका र चाइनीज ताइपेइ छ ।

नेपालले अब समूह चरणको अन्तिम खेलमा बिहीबार श्रीलंकासँग खेल्नेछ । त्यसपछि सेमिफाइनल पुग्ने-नपुग्ने टुङ्गो लाग्नेछ ।

**विपना र अरहन्तको जोडी बाहिरिए**

जापानमा जारी २०औं एसियाली खेलकुदअन्तर्गत स्क्वासको मिश्रित डबल्समा विपना भ्लोन र अरहन्त सिंहको नेपाली जोडी पहिलो चरणबाटै बाहिरिएको छ ।

नागोयास्थित किन्जो फुतो एरिनामा भएको खेलमा नेपाली जोडी पाकिस्तानका आसिम खान र मेहविश अलीसँग २-० को सोझो सेटमा पराजित भएको हो ।

पहिलो सेटमा नेपाल ६-११ ले पछि परेको थियो । सात मिनेट चलेको पहिलो सेटमा पाकिस्तानी जोडीले सुरुआतदेखि नै अग्रता कायम राख्यो । दोस्रो सेटमा भने नेपाली जोडीले प्रतिस्पर्धात्मक खेल देखाए पनि १० मिनेटको खेलपछि पाकिस्तानले ११-१० ले सेट आफ्नो पक्षमा पार्यो ।

# भेनस र मनकामना बने बागमती प्रदेश च्याम्पियन




**काठमाडौं (प्रस)**– एसियन पेन्ट्स च्याम्पियन्स कप २०२६ अन्तर्गत गर्ल्सतर्फ भेनस नेशनल कलेज बागमती प्रदेश च्याम्पियन बनेको छ ।

कीर्तिपुरस्थित लेबरोटरी स्कुलको खेल मैदानमा बुधबार सम्पन्न फाइनलमा भेनस नेशनल कलेजले आदर्श विद्या मन्दिर स्कुल -एभिएम)लाई १-० ले पराजित गर्दै उपाधि जितेको हो ।

भेनसको जितमा नेपाली राष्ट्रिय यु-१७ टोलीकी रक्षक दीक्षा रायमाझीले ५०औं मिनेटमा गरेको गोल निर्णायक बन्यो ।

उपाधिसँगै भेनस प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट भयो । भेनसले प्रदेशस्तरीय प्रतियोगितामा बागमती प्रदेशको प्रनिनिधित्व गर्नेछ । असोज ४ गतेदेखि सञ्चालन भएको गर्ल्स प्रतियोगितामा विद्यालयस्तरका १० टोलीको सहभागिता थियो ।

यसैगरी, ब्वाइजतर्फ मनकामना सेकेण्डरी स्कुल च्याम्पियन बनेको छ । लेबरोटरीकै मैदानमा सम्पन्न प्रदेशस्तरीय फाइनलमा काठमाडौं उपत्यकाव्यापी च्याम्पियन मनकामनाले चितवनमा सम्पन्न प्रतियोगिताको च्याम्पियन माडी माध्यमिक विद्यालयलाई ३-१ ले हरायो ।

मनाकामनाको जितमा सनिल फेरि नायक बने । आफ्नै निर्णायक गोलमा मनकामनालाई काठमाडौंको च्याम्पियन बनाएका सनिलले माडीविरुद्ध ह्याट्रिक गरे । माडीका लागि प्रतीक रमधानले पेनाल्टीमार्फत एक गोल फर्काए ।

# वार्षिक १० मिलियन पाउण्डमा आर्टेटाको आर्सनलसँग नयाँ सम्झौता



**काठमाडौं**– मुख्य प्रशिक्षक मिकेल आर्टेटाले इङ्लिस प्रिमियर लिग क्लब आर्सनलसँग परिमार्जित नयाँ सम्झौतामा सहमति जनाएका छन् ।

यी स्पेनी प्रशिक्षकको हालको सम्झौता यसै सिजनको अन्त्यमा सकिँदै गर्दा विगत केही महिनादेखि नयाँ सम्झौताका लागि वार्ता भइरहेको थियो ।

बीबीसी स्पोर्टका अनुसार सबै पक्षबीच सहमति नजिक पुगिसकेको अवस्थामा अब आर्टेटाले आर्सनल (गनर्स) सँगको कार्यकाल लम्ब्याउन अन्तिम सहमति गरिसकेका छन् । नयाँ सम्झौताको आधिकारिक अवधि सार्वजनिक नगरिए पनि यसले डिसेम्बर २०१९ मा क्लब सम्हालेका आर्टेटालाई कम्तीमा १०औं वर्षसम्म आर्सनलमै रहने सुनिश्चित गर्नेछ । नयाँ सम्झौता अनुसार उनको हालको वार्षिक १० मिलियन पाउन्ड तलब र थप ५ मिलियन पाउन्ड बोनसमा उल्लेख्य वृद्धि हुनेछ ।

सम्झौताबारे बोल्दै आर्टेटाले गत साता नै समर्थकहरूलाई चिन्ता नलिन आग्रह गर्दै आफू क्लबमै रहन चाहेको बताएका थिए । उनले भनेका थिए, "म अत्यन्तै खुसी छु र आफूसँग काम गर्ने मानिसहरूसँग सहकार्य गर्न पाएकोमा निकै आभारी महसुस गर्छु ।" यस सिजनपछि पनि क्लबमै रहने स्पष्ट चाहना राखेका आर्टेटाको मूल उद्देश्य आर्सनलमा एउटा बलियो र दिगो विरासत निर्माण गर्नु रहेको छ ।

गत सिजन २० वर्षपछि आर्सनलले जितेको प्रिमियर लिग उपाधिलाई उनले केवल सुरुवातको रूपमा हेरेका छन् । च्याम्पियन्स लिगमा पेनाल्टी किकको दूरीमा रोकिनु परेको पीडालाई प्रेरणामा बदल्दै उनी युरोपेली फुटबलमा आर्सनललाई थप उचाइमा पुऱ्याउन प्रतिबद्ध छन् ।

# चागोस सम्झौतामा ट्रम्पको असहमति



**संयुक्त राष्ट्रसंघ–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेलायतका प्रधानमन्त्री एन्डी बर्नहचामसँगको पहिलो भेटमा दुई देशबीचको सम्बन्ध राम्रो रहेको बताए पनि हिन्द महासागरस्थित चागोस टापुहरूको सार्वभौमसत्ता मौरिससलाई हस्तान्तरण गर्ने बेलायती योजनाको आलोचना गरेका छन् । न्युयोर्कमा संयुक्त राष्ट्रसंघको ८१औं महासभाका क्रममा मंगलबार भएको भेटमा व्यापार, फकल्यान्ड टापु, इरान र युक्रेनलगायत विषयमा छलफल भएको थियो । ट्रम्पले बर्नहचामलाई 'प्राकृतिक व्यवसायी' भन्दै दुई देशबीचको सम्बन्ध विगतको तुलनामा अझ सुदृढ रहेको बताए ।

चागोस टापु सम्झौताबारे ट्रम्पले सैन्य तथा रणनीतिक दृष्टिले महत्त्वपूर्ण क्षेत्रसम्बन्धी 'खराब सम्झौता' भएको टिप्पणी गरे । बेलायतले सम्झौताअन्तर्गत मौरिससलाई टापुहरूको सार्वभौमसत्ता हस्तान्तरण गर्ने र डिएगो गार्सियास्थित अमेरिकी सैन्य अखडाको भविष्य सुरक्षित गर्ने बताउँदै आएको छ । अमेरिकी समर्थन नहुँदा सम्झौताको अनुमोदन प्रक्रिया रोकिएको छ । बर्नहचामले भने अमेरिकी साझेदारसँग सहकार्य गरेर सम्झौता अघि बढाउने बताए ।

भेटअघि बर्नहचामले अमेरिका-इरान द्वन्द्व अन्त्य गर्ने उपायबारे ट्रम्पसँग छलफल गर्ने बताएका थिए । उनले हुथी आक्रमण रोक्न साउदी अरबलाई सीमित सैन्य सहयोग गर्ने घोषणा गर्दै बेलायती विमानले साउदी लडाकू विमानलाई इन्धन भर्ने बताए । साथै, युक्रेनलाई हवाई प्रतिरक्षा क्षेप्यास्त्र उपलब्ध गराउन अमेरिकी सहयोग बढाउन आग्रह गर्ने उनले बताएका थिए ।

महासभालाई सम्बोधन गर्दै बर्नहचामले कृत्रिम बौद्धिकता र गलत सूचनाबाट उत्पन्न जोखिम नियन्त्रण गर्न विश्वव्यापी मापदण्ड र निगरानी आवश्यक रहेको बताए । *रासस/एपी*

# जलवायु न्यायमा गुटेरेसको जोड

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले आफ्नो कार्यकालको अन्तिम जलवायु शिखर सम्मेलनमा तापक्रम वृद्धि रोक्न उत्सर्जन कटौतीसँगै जलवायु न्याय र विकासशील मुलुकका लागि पर्याप्त वित्तीय सहयोग आवश्यक रहेकोमा जोड दिएका छन् ।

उनले जीवाश्म इन्धन उद्योगले वातावरणलाई 'खुला ढल' जस्तो व्यवहार गरिरहेको आरोप लगाउँदै जलवायु संकट समाधानका लागि तत्काल प्रभावकारी कदम चाल्न आह्वान गरेका छन् । न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा बुधबार आयोजित उच्चस्तरीय कार्यक्रममा गुटेरेससँगै टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान र अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले सम्बोधन गर्ने कार्यक्रम छ । टर्की र अस्ट्रेलियाले आगामी नोभेम्बरमा कोप-३१ जलवायु सम्मेलन सहआयोजना गर्दै छन् ।

गुटेरेसले रुसले युक्रेनमा आक्रमण गरेयता पाँच प्रमुख पश्चिमी तेल कम्पनीले करिब पाँच खर्ब अमेरिकी डलर नाफा कमाएको उल्लेख गर्दै विकासशील देशलाई तापक्रम वृद्धिसँग अनुकूलन गर्न परिचालन गरिएको जलवायु वित्त करिब ३४ अर्ब डलरमात्र रहेको बताए ।

विश्वभर जलवायु परिवर्तनका असर तीव्र भइरहेका बेला उनको यस्तो आह्वान आएको हो । युरोपमा बढ्दो गर्मी र डढेलोदेखि नेपाल तथा तिब्बतमा हिमनदी पग्लिँदा आएको विनाशकारी बाढीसम्मका घटनाले जोखिम बढाइरहेका छन् । तापक्रम १.५ डिग्री सेल्सियसको सीमाभन्दा अस्थायी रूपमा माथि जाने सम्भावनाले चरम मौसमी घटनाको जोखिम थप बढाउने वैज्ञानिकहरूले चेतावनी दिएका छन् । *रासस/एएफपी*

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/१४ (प्रा.लि.नं १४३१३६/०७२/०७३) मा दर्ता भएको **अल्ट्रामोर्डन इन्भेस्टमेट कम्पनी एण्ड मिडिया प्रा. लि.** को मिति २०८३/०६/०१ मा सम्पन्न एकल शेयरधनीको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोहि कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशन गरिएको मितिले ३५ दिन भित्र निम्न लिखीत लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: शकुन्तला भुसाल (इजाजत पत्र नं. ४००), बबरमहल, काठमाडौं, मो.नं. ९८५१३१३५४९**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०८१/०१/२० मा दर्ता भएको **ए.बि. पस्मिना डाईङ्ग प्राइभेट लिमिटेड (प्रा. लि. नं. ३३५४३३/२०८०/०८१)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

*प्रकाशित मिति २०८३/०६/०८ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/०४/१९ मा दर्ता कायम भएको **चार्टर्ड बिजनेश प्रा.लि.** (प्रा.लि.नं.३००३८/२०६१/०६२) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०७ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

## सूचना ! सूचना !! सूचना !!!

ओखलढुंगा जिल्ला साविक खिजीफलाटे गा.वि.स. वडा नं. ३ हाल खिजीदेम्बा गाउँपालिका वडा नं. ५ बस्ने भारतीय सैनिक नं. १४३२३३४० Rank: TS. NK, पल्टन ६४ Fd Regiment का केशव सिंङ तामाङको पेन्सन पट्टा नं. ८६९५१ निजको नाम, थर Kesav Singh Tamang र निजको नेपाली नागरिकता प्रमाणपत्र नं. ३६७/०३५/०३६ मा निजको नाम Keshab Sing Tamang भनी फरक फरक नाम उल्लेख रहेको भए तापनि व्यक्ति एकै भएको, साथै निजको श्रीमती सोम लक्ष्मी तामाङको नाम भारतीय पेन्सन पट्टामा Soma Lakshi रहेको र नेपाली नागरिकता प्रमाणपत्र नं. ०३५/३६/३१ मा Som Laxmi Tamang भनी उल्लेखित कागजातमा फरक फरक नाम उल्लेख रहेको भए तापनि निज Kesav Singh Tamang र Keshab Sing Tamang भन्ने व्यक्ति एउटै रहेको र निज केशव सिंङ तामाङको श्रीमतीको नाम Som Laxmi Tamang र Soma Lakshi भनी उल्लेखित कागजातमा फरक फरक नाम उल्लेख भए तापनि व्यक्ति एकै रहेको र निज केशव सिंङ तामाङको एक मात्रै श्रीमती रहेको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराउँदछु ।

**केशव सिंङ तामाङ**
**सम्पर्क: ९८४०६६७७२९**

## मंगलम मल्टीपर्पोज कम्पनी प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/०८/२८ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **मंगलम मल्टीपर्पोज कम्पनी प्रा.लि. (प्रा.लि.नं.१४२६००/०७२/०७३)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०७ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर ईजाजत नं.१६५**
**का.म.न.पा -२९, काठमाण्डौ, मो.नं. ९८१३२४४६५५**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/१२/०९ मा दर्ता भएको प्रा.लि.नं. ३०९५८२ को **त्रिवेणी ग्रीन एग्रो सोलुसन्स इण्डिट्रिष्ज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०८२/०६/२६ मा दर्ता भएको प्रा.लि.नं. ३७६४५३ को **जोन ऐटी फोर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

*प्रकाशित मिति २०८३/०६/०८ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१२/१९ मा दर्ता कायम भएको **एल्मिरा कार्गो एण्ड कुरियर प्रा.लि.** (प्रा.लि.नं.३१०१९७/२०७९/०८०) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०७ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०४/२८ गते का.जि.ना.पा.वडा नं.०७, स्युचटारमा पार्किङ गरी राखिएको अवस्थामा निलो रङ्गको २२० सि.सि. बजाज पल्सर मोटरसाइकल बिहानको २१:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणीको नाम: राम लामा**
**बाइक नं.: बा.प्र.-०२-०६५ प ३०४४**
**च्यासिस नं.: MD2A13EX5TCK81640**
**इन्जिन नं. : DKXCTK20741**
**ठेगाना : का.जि.ना.पा.वडा नं.०७, स्युचटारमा**
**सम्पर्क नं. ९८५१०१४४०७**

## माइग्रेसन हराएको सूचना

मिति २०८३/०५/२५ गते केशर महलबाट दरबार मार्ग जाँदा मेरो निम्न व्यहोरा भएको उच्च माध्यमिक तह **+2** को माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : कमल पान्डेय**
**रजिष्ट्रेसन नम्बर : ७१७१०५४५२**
**सिम्बोल नं.: ३७१०११४२**
**ठेगाना : दुर्गास्थान गा.वि.स.-३**
**हाल-मेलौली-०२, बैतडी**
**सम्पर्क: : ९८६८५३१५५५**

## सच्याइएको सूचना

यस प्रभाव दैनिकको वर्ष १३ अंक १५३ असोज ७ गते २०८३ मा प्रकाशित **Excellent Manpower Services Pvt. Ltd.** को विज्ञापनमा Lot No. 348251 को **Abinayaa Contracting LLC** कम्पनी **युएई** देश हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा जानकारी गराइन्छ ।

**EXCELLENT MANPOWER SERVICES PVT.LTD.**
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np

## मलेसियामा रोजगार

कम्पनी : **PEKING FOOD INDUSTRIES SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/१२/०५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 340150 | चलानी नं. ६०२५३५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 3 | 0 | 1700 | ६३,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **CARTON BOX INDUSTRIAL SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/११/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 339986 | चलानी नं. ६०२५३३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 1 | 0 | 1700 | ६३,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066

## युएई/कतारमा रोजगार

कम्पनी : **LA LUZ WOMENS SALON**

पूर्व स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 348374 | चलानी नं. ६०२६१५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician, Beauty | 0 | 1 | 1700 | ७१,४८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **REVASSER LADIES SPA**

पूर्व स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 348373 | चलानी नं. ६०२६१५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 1 | 1800 | ७५,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MALATH BEAUTY CENTER**

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348328 | चलानी नं. ६०२६१५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 5 | 1800 | ७५,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

## युएइमा रोजगार

कम्पनी : **FOCUS POWER SECURITY SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 325542 | चलानी नं. ६०२३९५२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 7 | 0 | 1000 | ४१,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
Permission No. 1676/080/081

## कतारमा रोजगार

कम्पनी : **TOP BUILDERS INTERNATIONAL**

पूर्व स्वीकृति मिति : २०८३/०६/०७ | LT. No. 348321 | चलानी नं. ६०२६१५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 1 | 0 | 1900 | ७९,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Builder | 7 | 0 | 1000 | ४२,०४८ | | | | | | | |
| 3 | DRIVER TRUCK | 1 | 0 | 1900 | ७९,८९२ | | | | | | | |
| 4 | assistant building bricks | 7 | 0 | 1100 | ४६,२५३ | | | | | | | |
| 5 | concrete reinforcing worker | 4 | 0 | 1300 | ५४,६६३ | | | | | | | |
| 6 | Concrete Placing Worker | 4 | 0 | 1100 | ४६,२५३ | | | | | | | |
| 7 | Assistant Pourer, Metal Castings | 2 | 0 | 1100 | ४६,२५३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com

## जापानमा रोजगार

कम्पनी : **JOHOKU MANAGEMENT COOPERATIVE SOCIETY**

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348337 | चलानी नं. ६०२६१५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/construction Worker | 1 | 0 | 197774 | १,९२,३२४ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

- **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TIRUPATI H.R. SOLUTION (P) LTD**
Kathmandu-31 (New Baneshwor) KATHMANDU, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np
Govt. License 1544/078/079

# सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**डाईनियाँ, मोरङ**

## आ.व. २०८३/८४ को लागि नदिजन्य पदार्थ (भरौट) उत्खनन् संकलन तथा बिक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आह्वानको सूचना

**दोस्रो प्रकाशित मिति : २०८३/०६/०८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ञ्ञ को उपदफा २ को (घ) को (६) र दफा ६२ (क), कोशी प्रदेशको आर्थिक ऐन 2083, को दफा (७) को उपदफा (१) र (७), सुनवर्षी नगरपलिकाको आर्थिक ऐन २०८३, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही सुनवर्षी नगरपलिका, मोरङ्गको क्षेत्राधिकार भित्र पर्ने सुनवर्षी नगरपाललकाको वडा नं. ३, ६ र ७ भएर बग्ने बक्राहा खोलाको स्वीकृत घाट र नाकाहरूबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानुनी प्रक्रिया पुरा गरेका योग्य फर्म/कम्पनीहरूले बोलपत्र खरिद गरि दोस्रो पटक प्रकाशित सूचनाको मितिले ७ दिन भित्र हार्ड कपि मार्फत यस कार्यालयमा पेश गर्नहुन सार्वजनिक सूचना आह्वान गरिन्छ । अन्य थप जानकारीका लागि कार्यालयको वेबसाईट www.sunawarshimun.gov.np मार्फत अध्ययन गर्न सकिनेछ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | भरौट उत्खनन् परिमाण (घ. मि.) | न्यूनतम बोलपत्र रकम रू. (मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फारम शुल्क रू. |
|---|---|---|---|---|---|---|
| १. | Sunmun/Ncb/ River/ 083/084-01 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 2,3,6 and 7 | ३२,०००।- (खोलाको घाट सङ्ख्या ३ (तिन)) | ४५,२०,२८१.६०।- | कबोल अंकको ५% (मु.अ.कर बाहेक) | ३,०००।- |

**शर्तहरू:**

- बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८३/०६/१४ गते) सम्म १७:०० बजे भित्र यस न.पा.को खाता नं (Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138) मा रू. ३०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर निवेदन साथ पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ।
- कबोल गरेको अङ्क (मु.अ.कर समेत)को ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम हिमालयन बैंकमा रहेको यस न.पा.को धरौटी खाता नं (Sunavarshi Ga-3 Dharauti Kosh Khata. A/C No:- 26856389230178) मा जम्मा गरी सो को सक्कलै बैङ्क भौचर वा नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गको बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम म्याद देखि १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड सेक्युरिटि/बण्ड पेश गर्नुपर्नेछ।
- बोलपत्रदाताले यस न.पा. बाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गरी पेश गर्ने सम्पुर्ण कागजातहरु प्रत्येक पानामा सहीछाप तथा प्रमाणित गरी सूचना प्रकाशन भएको मितिले ८ औं (मिति २०८३/०६/१५ गते) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेश गर्नु पर्नेछ। सोही दिनको २:०० बजे प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३०२३०० | प्रति तोला – ० | प्रति तोला – ४८१५ |



**फापरबारी र हिमाल** | मनाङ डिस्यङ गाउँपालिका-३ ङावल गाउँस्थित बारीमा पाकेको फापरबाली र पृष्ठभूमिमा अन्नपूर्ण दोस्रो हिमाल ।
*तस्बिर : नवीन लामिछाने/रासस*

# मुस्ताङ भन्सारबाट २० दिनमा उठ्यो दुई अर्ब ५४ करोड राजस्व

■ प्रभाव संवाददाता

**मुस्ताङ–** मुस्ताङ भन्सार कार्यालयले २० दिनमा रु दुई अर्ब ५४ करोड ९३ लाख राजस्व संकलन गरेको छ । रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण रसुवागढी-केरुङ नाका पूर्ण रूपमा बन्द भएपछि नेपाल-चीन उत्तरी कोरलानाका हुँदै पैठारी गरिएका मालवस्तुबापत २० दिनमा उक्त राजस्व जम्मा भएको हो । रसुवाको भोटेकोशी बाढीपछि अधिकांश मालवस्तु कन्टेनर तथा विद्युतीय सवारी (इभी) गाडी र कन्टेनर रसुवागढी–केरुङ नाकाबाट रुट परिवर्तन भई कोरलानाका हुँदै नेपाल भित्रिएका हुन् ।

कोरलानाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालले भदौ १० गतेपछि कोरलानाकाबाट भित्रिएका ५६४ कन्टेनर र एक हजार ९० विद्युतीय सवारी (इभी) गाडीको भन्सार जाँचपास भएको जानकारी दिए । केरुङनाकाबाट रुट परिवर्तन भएका र कोरलानाकाबाट नियमित पैठारी हुने मालवस्तुबाट अहिलेसम्मकै छोटो समयमा धेरै राजस्व जम्मा भएको भन्सार प्रमुख चुडालले बताए । नेपाल-चीनतर्फका प्रमुख व्यापारी

> मुस्ताङ भन्सारबाट चालु वर्षको पहिलो महिनामा सय वटा विद्युतीय सवारी (इभी) गाडी (लिजी-न्हेचुङ) कोरलानाका हुँदै नेपाल भित्रिदा रु १७ करोड ३४ लाख राजस्व संकलन भएको थियो ।

नाका रसुवागढी र तातोपानी नाका पूर्ण रूपमा बन्द अवस्थामा छ । यस्तो अवस्थामा चीनबाट पैठारी गरिने एकमात्रै वैकल्पिक मार्गका रूपमा कोरलानाका बनेको छ ।

रसुवागढी नाका पूर्ण रूपमा बन्द नहुँदै भदौ १० गते अघि चालु वर्षको साउन र भदौको ९ गतेसम्म मुस्ताङ भन्सार कार्यालयबाट जम्मा रु ५३ लाख मात्रै राजस्व संकलन भएको थियो । यस अवधिको चालीस दिनमा कोरलानाकाबाट भित्रिएका १६३ वटा विद्युतीय सवारी (इभी) गाडी र १३३ वटा मालवस्तु कन्टेनरको मुस्ताङ भन्सार कार्यालयबाट जाँचपास भएको थियो ।

मुस्ताङ भन्सारका अनुसार चालु वर्षको साउन र भदौ महिनामा गरी रु तीन अर्ब सात करोड ९३ लाख राजस्व संकलन भएको छ । प्रमुख चुडालले पहिलो साउन महिनामा रु २६ करोड ३९ लाख राजस्व मुस्ताङ भन्सार कार्यालयमा संकलन भएकोमा दोस्रो भदौ महिनामा रु दुई अर्ब ८१ करोड ५४ लाख राजस्व संकलन भएको हो ।

मुस्ताङ भन्सारका अनुसार चालु वर्षको पहिलो साउन महिनामा सय वटा विद्युतीय सवारी (इभी) गाडी (लिजी-न्हेचुङ) कोरलानाका हुँदै नेपाल भित्रिदा रु १७ करोड ३४ लाख राजस्व संकलन भएको थियो ।

यसैगरी चालु वर्षको भदौ महिनामा एक हजार २५३ वटा विद्युतीय सवारीसाधन (इभी) गाडी नेपाल भित्रिदा रु एक अर्ब ९३ करोड ९७ लाख राजस्व संकलन भएको भन्सार प्रमुख चुडालले बताउनुभयो । यस्तै चालु वर्षको साउनमा ५७ र भदौ महिनामा ६९७ वटा मालवस्तु कन्टेनर कोरलानाका हुँदै नेपाल भित्रिएका थिए । मुस्ताङ भन्सार कार्यालयले गत आव २०८२/०८३ को बाह्र महिनामा रु छ अर्ब ९२ करोड राजस्व जम्मा गरेको थियो । त्यस वर्ष कोरलानाकाबाट तीन हजार २२३ वटा विद्युतीय सवारीसाधन (इभी) गाडी नेपाल भित्रिएका थिए ।

# राष्ट्र बैंकको कारबाहीमा ६ लघुवित्त

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंक लघुवित्त संस्था सुपरिवेक्षण विभागले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रयमासमा छ वटा 'घ' वर्गका लघुवित्त वित्तीय संस्था र तिनका सञ्चालक, पदाधिकारी र प्रमुख कार्यकारी अधिकृतलाई कारवाही गरेको छ । राष्ट्र बैंकले बुधबार सार्वजनिक सूचना जारी गरेर छ वटा लघुवित्त वित्तीय संस्था र तिनका पदाधिकारीलाई कारवाही गरिएको जनाएको हो ।

राष्ट्र बैंकले फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेडलाई २०८२ असार मसान्तमा संस्थाले न्यूनतम पुँजीकोष अनुपात ६ दशमलव १२ प्रतिशत मात्र कायम गरेको हुँदा उक्त अनुपात नियामकीय मापदण्ड बमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ को विनियम ३ (क) बमोजिमको शिघ्र सुधारात्मक सम्बन्धी कारवाही गरेको जनाएको छ ।

राष्ट्र बैंकले धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पनि २०८२ असार मसान्तमा संस्थाले न्यूनतम पुँजीकोष अनुपात ६ दशमलव ३८ प्रतिशत मात्र कायम गरेको हुँदा उक्त अनुपात नियामकीय मापदण्ड बमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाहीसम्बन्धी विनियमावली, २०७४ को विनियम ३ (क) बमोजिमको शीघ्र सुधारात्मक कारवाही गरेको जनाएको छ ।

त्यसैगरी, मातृभुमि लघुवित्त वित्तीय संस्था लिमिटेडले पनि २०८२ असार मसान्तमा संस्थाले न्यूनतम पुँजीकोष अनुपात चार दशमलव ०८ प्रतिशत मात्र कायम गरेको हुँदा उक्त अनुपात नियामकीय मापदण्ड बमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाहीसम्बन्धी विनियमावली, २०७४ को विनियम ३ (ख) बमोजिमकोशिघ्र सुधारात्मक कारवाही गरेको हो ।

राष्ट्र बैंकले एनआइसी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पनि २०८२ असार मसान्तमा संस्थाले न्यूनतम पुंजीकोष अनुपात ६ दशमलव ३९ प्रतिशत मात्र कायम गरेको हुँदा उक्त अनुपात नियामकीय मापदण्डबमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाहीसम्बन्धी विनियमावली, २०७४ को विनियम ३ (क) बमोजिमकोशिघ्र सुधारात्मक कारवाही गरेको हो ।

राष्ट्र बैंकले वीन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पनि २०८२ चैत महिनामा संस्थाले अनिवार्य नगद मौज्दात कायम नगरेकोमा प्रथम पटकका लागि रु ५८ दशमलव ३८ पैसा नगद जरिवाना लगाएको छ । त्यसैगरी राष्ट्र बैंकले सञ्जीवनी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पनि २०८२ चैत, २०८३ को वैशाख, जेठ र असार महिनामा संस्थाले अनिवार्य नगद मौज्दात कायम नगरेकोमा प्रथम, दोस्रो, तेस्रो र चौथो पटकका लागि क्रमश: रु ७१३ दशमलव ८८, रु १,०६७ दशमलव ४०, रु १,४१२ दशमलव ९१ र रु १,४१० दशमलव ७८ नगद जरिवाना गरिएको जनाएको छ ।

# नेप्से परिसूचक ३६ अंकले घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३६ दशमलव २५ अंकले घटेर दुई हजार ६१८ दशमलव ०३ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ३३ अंकले घटेर ४६७ दशमलव ४६ मा पुगेको छ । त्यसैगरी फ्लोट सूचक दुई दशमलव ६० अंकले घटेर १८० दशमलव ३९ मा पुगेको छ ।

सेन्सेटिभ फ्लोट सूचक दुई दशमलव १९ अंकले घटेर १५७ दशमलव ८० मा पुगेको छ । विभिन्न कम्पनीका दुई करोड १६ लाख २२ हजार ७२८ कित्ता सेयर रु छ अर्ब ३५ करोड ६६ लाख ११ हजार ३९५ मूल्यमा खरिद बिक्री भएको छ । १३ वटै उपसमूह घटेको छ ।

२३ कम्पनीको सेयर बढ्यो भने २५३ कम्पनीको सेयर घट्यो । त्यसैगरी दुई कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार धौलागिरी लघुवित्त वित्तीय संस्था, सिवाइसी नेपाल लघुवित्त संस्था र निफ्रा ग्रीन डिबेञ्चरलगायत लगानीकर्ताले कमाएका छन् भने फष्ट माइक्रो फाइनान्स लघुवित्त, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट, कालिका लघुवित्त वित्तीय संस्थालगायतका लगानीकर्ताले गुमाएका छन् ।

## कर्पोरेट

### भेस्पा तथा अप्रिलिया खरिदमा एक लाख रूपैयाँसम्म नगद लाभ




**काठमाडौं (प्रस)–** भेस्पा र अप्रिलियाको नेपालका लागि आधिकारिक वितरक डेल्टा अटोकर्प प्रालिले दसैंको अवसरमा 'दसैंको दक्षिणा' नामक विशेष योजना सार्वजनिक गरेको छ ।

यस योजनाअन्तर्गत भेस्पा तथा अप्रिलियाका स्कुटर खरिद गर्ने ग्राहकले विभिन्न आकर्षक खरिद लाभ प्राप्त गर्ने छन् । योजनाअन्तर्गत भेस्पा वा अप्रिलियाको स्कुटर खरिद गर्ने हरेक ग्राहकले अनर एक्स५ प्ले स्मार्टवाच प्राप्त गर्ने छन् ।

साथै, ग्राहकले आफ्नो खरिदको माध्यमअनुसार थप लाभसमेत प्राप्त गर्न सक्ने छन् । नगदमा स्कुटर खरिद गर्ने ग्राहकले एक लाख रूपैयाँसम्मको नगद लाभ प्राप्त गर्न सक्ने छन् भने आफ्नो पुरानो दुईपांग्रे सवारीसाधन एक्सचेन्ज गर्ने ग्राहकले २५ हजार रूपैयाँसम्मको एक्सचेन्ज बेनिफिट प्राप्त गर्ने छन् ।

त्यसैगरी, फाइनान्समार्फत स्कुटर खरिद गर्ने ग्राहकका लागि शून्य प्रतिशत सर्भिस चार्जको व्यवस्था गरिएको छ ।

### एमजी कार किन्दा तीन लाख रूपैयाँसम्म बचत

**काठमाडौं (प्रस)–** एमजी मोटरको नेपालका लागि आधिकारिक वितरक पारामाउन्ट मोटर्स नेपालले ग्राहकका लागि विशेष चाडपर्व अफर सार्वजनिक गरेको छ ।

असोज ६ गते देखि छठ पर्वसम्म लागू हुने 'ड्राइभ मोर, सेलिब्रेट मोर' योजना अन्तर्गत एमजीका विभिन्न मोडलका नयाँ गाडी खरिद गर्ने ग्राहकले ३ लाख रूपैयाँसम्म बचत गर्न सक्नेछन् भने नि:शुल्क अटो प्लस इन्स्योरेन्स, नि:शुल्क रोड ट्याक्स, इजी एक्सचेन्ज र इजी फाइनान्स जस्ता सुविधा पाउनेछन् ।

कम्पनीका अनुसार, यस अफरमा एमजी एचएएस प्लग-इन-हाइब्रिड एमजी यू९ ईभी, एमजी आईएम६, एमजी एस६ ईभी, एमजी एस५ ईभी र एजमी४ ईभी लगायतका मोडलहरू समावेश छन् ।

हालै नेपाली बजारमा सार्वजनिक गरिएको एमजी एचएस प्लग-इन-हाइब्रिड/हाईब्रिड ईभीले आधुनिक हाइब्रिड प्रविधिसँगै प्रिमियम कम्फर्ट र प्रदर्शन प्रदान गर्ने जनाइएको छ । त्यसैगरी, एमजी यू९ ईभी क्षमता र बहुउपयोगिताका लागि तयार गरिएको ४ह्४ इलेक्ट्रिक पिकअप हो ।

एमजी एस६ ईभीमा १८० किलोवाट क्षमताको मोटर, रियर ह्विल ड्राइभ, इन्डिपेन्डेन्ट रियर सस्पेन्सन तथा ५३० किलोमिटरसम्मको रेन्ज रहेको छ । त्यस्तै,




ग्राहकमाझ लोकप्रिय एजजी एस५ ईभी ४३.९९ लाखदेखि आकर्षक मूल्यमा उपलब्ध रहेको र रियर ह्विल ड्राइभ तथा इन्डिपेन्डेन्ट रियर सस्पेन्सनसहित आफ्नो सेग्मेन्टमा आकर्षक विकल्पका रूपमा प्रस्तुत गरिएको कम्पनी भनाई छ ।

यस अफरमा सहभागी हुन तथा उपलब्ध मोडल, मूल्य र सुविधाबारे थप जानकारी लिन ग्राहकहरूलाई पारामाउण्ट मोटर्सले आफ्नो नजिकको एमजी शोरुममा सम्पर्क गर्न अनुरोध गरेको छ ।

## विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामाग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जीत तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

**विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ